# प्रभाव दैनिक

National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक २५० | काठमाडौं | मंगलबार, २४ पुस २०८० | Prabhab National Daily | Tuesday, January 9, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# उम्मेदवार छान्न कांग्रेसमा किचलो

■ प्रभाव संवाददाता



**काठमाडौं–** सबैभन्दा ठूलो दल नेपाली कांग्रेसलाई निर्धारित समयमै राष्ट्रिय सभामा उम्मेदवार छनोट मुश्किल भयो । किचलो साम्य पार्न सानेपास्थित पार्टी कार्यालयमा पटक-पटक बैठक बस्नुपरेको थियो । आइतबार दिउँसो १ बजेका लागि डाकिएको कांग्रेस केन्द्रीय सम्पादन समितिको बैठक तोकिएको समयमा बस्न नसकेपछि दिउँसो ४ बजेका लागि सारियो ।

तर ४ बजे डाकिएको बैठक राति ११ बजेसम्म पनि बस्न सकेन । बैठक बस्न नसक्नुको मुख्य कारण थियो एक सिटमा कुरा नमिल्नु । कार्यसम्पादन बस्नुअघि डा. शेखर कोइराला र गगन थापा समूहको बैठक बसेको थियो बालुवाटारमा । शेखरको सचिवालयमा बसेको बैठकले संस्थापनइतरले चार सिट दाबी गर्ने निर्णय गर्‍यो । तर देउवाले सानेपामा तीन सिटभन्दा दिन नसक्ने जनाएपछि निर्णय टुंगोमा पुग्न मध्यरात नै कुर्नुपर्‍यो । शेखर पक्षले अन्ततः तीन सिटमा चित्त बुझाएपछि देउवाले निर्णय गरेका हुन् । टुंगो लागेका उम्मेदवारले सोमबार अ-आफ्नो प्रदेशको निर्वाचन कार्यालय पुगेर उम्मेदवारी दर्ता गरिसकेका छन् ।

गगनको २ र विश्वप्रकाशको ६ बुँदे असहमति

कांग्रेसका महामन्त्रीद्वय थापा र शर्मा जुनसुकै बैठकमा फरक मत राख्न पछि पर्दैनन् । राष्ट्रिय सभाको उम्मेदवार छनोटमासमेत दुई महामन्त्रीले फरक मत राखेका छन् । यसअघि पराजित र समानुपातिक सूचीमा परेकाहरूलाई मौका नदिन दुई महामन्त्रीले केन्द्रीय समितिमै प्रस्ताव राखेका थिए । यही अनुसार केन्द्रीय समितिले यसअघि अवसर नपाएकालाई मौका दिने बुँदा थपेको थियो । नीतिमा यो भए पनि व्यवहारमा भने कांग्रेस नेतृत्वले यस्तो विषय पालना गरेन ।

यसै विषयमा संसदीय बोर्डको बैठकले ध्यान नपुर्‍याएको गगनको तर्क रहृयो । 'हाम्रो संविधानले राष्ट्रिय सभामा खासगरी प्रतिनिधिसभामा प्रतिनिधित्व हुन नसकेमा जाति, वर्ग र क्षेत्रको प्रतिनिधित्व र राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका एवं विज्ञ व्यक्तिहरूको उपस्थितिको परिकल्पना गरेको छ । यसैगरी नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको पौष १२-१४ गतेसम्म बसेको बैठकले राष्ट्रिय सभाको उम्मेदवार चयन सम्बन्धमा 'हालसम्म कुनै पनि अवसर नपाएका वा विभिन्न कारणले अवसरबाट वन्चित भएका योग्य तथा लोकप्रिय व्यक्तिलाई प्राथमिकता दिने' लगायतको मापदण्ड तय गरेको थियो,' गगनले पहिलो बुँदामा भनेका छन्, 'संसदीय बोर्डको आजको बैठकले उम्मेदवारको चयन गर्दा माथि उल्लिखित पक्षमा यथेष्ट ध्यान पुर्‍याउन सकेन ।'

यस्तो निर्णयले फेरि पनि कांग्रेसी मनलाई खण्डित पारेको उनको दाबी छ । 'यो निर्णयले पार्टीमा कुनै पनि आग्रह नराखिकन निर्णय हुन्छ, सबै तह र तप्काका साथीहरूलाई समान ढंगले न्यायको अनुभूति र अवसरमा स्थान हुन्छ भन्ने विश्वासलाई पुनः एकपटक खण्डित गरेको छ । यस्तो आग्रहपूर्ण निर्णयले पार्टीभित्रको लोकतन्त्रलाई समेत थप कमजोर बनाउँछ ।' पार्टीको निर्णयप्रति लिखित असहमति भए पनि बहुमतले गरेको निर्णय कार्यान्वयनमा जाँदा आफ्नो संलग्नता रहने उनले बताएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

## राष्ट्रिय सभा निर्वाचन

# सिट १९, उम्मेदवार ५२

■ जेबी योञ्जन

**काठमाडौं–** राष्ट्रिय सभा निर्वाचनमा आठ दल सहभागी हुने भएका छन् । सत्तारुढ दलहरू नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा) र जनमत पार्टी निर्वाचनी मैदानमा छन् ।

प्रमुख विपक्षी दल नेकपा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र नेपाल मजदुर किसान पार्टी (नेमकिपा) पनि राष्ट्रिय सभा निर्वाचनका प्रतिस्पर्धी दलहरू हुन् । निर्वाचन आउँदो ११ माघमा हुँदै छ ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार सबैभन्दा बढी नेकपा एमालेबाट १९ जना उम्मेदवार छन् । एमालेबाट रुक्मिणी कोइराला, पर्शुराम अधिकारी, उषादेवी थरुनी, रोचकुमारी चौलागाई, विजाता झा, त्रिलोचन निर्मल पौडेल, विवेक देवकोटा, ध्रुवराज विश्वकर्मा, सम्झना देवकोटा, चक्रबहादुर पराजुली, हेमन्द्र शेरचन, तुलसाकुमारी केसी, झपेन्द्रबहादुर घर्ती क्षेत्री, विमलाकुमारी शाही, डिल्लीप्रसाद भट्ट, हिक्मत विक, सावित्रादेवी घिमिरे, ईश्वरीप्रसाद खरेल र रामचन्द्र जोशीले उम्मेदवारी दर्ता गराएका छन् ।

सत्तारुढ दल नेपाली कांग्रेसबाट १० जनाले उम्मेदवारी दिएका छन् । कांग्रेसबाट पुराना र केही नयाँ नेताले राष्ट्रिय सभा सदस्यमा उम्मेदवारी दिएका हुन् । कांग्रेसबाट कृष्णप्रसाद सिटौला, आनन्दप्रसाद ढुंगाना, विष्णुदेवी पुडासैनी, जीतजंग बस्नेत, कृष्ण रोकाया, नारायणदत्त भट्ट, बलदेव बोहरा, पदमबहादुर परियार, किरणबाबु श्रेष्ठ र विष्णुदेवी सापकोटाले उम्मेदवारी दर्ता गराएको निर्वाचन आयोगले जनाएको छ ।

| | | | |
|---|---|---|---|
| रूक्मिणी कोइराला, पर्शुराम अधिकारी, उषादेवी थरूनी, रोचकुमारी चौलागाई, विजाता झा, त्रिलोचन निर्मल पौडेल, विवेक देवकोटा, ध्रुवराज विश्वकर्मा, सम्झना देवकोटा, चक्रबहादुर पराजुली, हेमन्द्र शेरचन, तुलसाकुमारी केसी, झपेन्द्रबहादुर घर्ती क्षेत्री, विमलाकुमारी शाही, डिल्लीप्रसाद भट्ट, हिक्मत विक, सावित्रादेवी घिमिरे, ईश्वरीप्रसाद खरेल र रामचन्द्र जोशी | कृष्णप्रसाद सिटौला, आनन्दप्रसाद ढुंगाना, विष्णुदेवी पुडासैनी, जीतजंग बस्नेत, कृष्ण रोकाया, नारायणदत्त भट्ट, बलदेव बोहरा, पदमबहादुर परियार, किरणबाबु श्रेष्ठ र विष्णुदेवी सापकोटा | चम्पादेवी कार्की, श्रीकृष्ण अधिकारी, मनरूपा शर्मा, विष्णु विक, झक्कु सुवेदी र रेणु चन्द | उद्धव पौडेल, हेमजंग गुरूङ, नानु नगरकोटी, भरतमणि भट्ट, पूर्णबहादुर विश्वकर्मा, गौमाया श्रेष्ठ, रोमबहादुर भण्डारी, निरञ्जन थापा र विजयलक्ष्मी सिंह |
| | घनश्याम रिजाल, सावित्री मल्ल | हिमालयश्वर मूल, श्रीकृष्ण महर्जन, संगीता नेपाली र कृष्ण लक्ष्मी दुवाल | पूजा चौधरी |
| | | | रामशंकर महासेठ |



आयोगका अनुसार माओवादी केन्द्रबाट राष्ट्रिय सभाका लागि चम्पादेवी कार्की, श्रीकृष्ण अधिकारी, मनरूपा शर्मा, विष्णु विक, झक्कु सुवेदी र रेणु चन्दले उम्मेदवारी दिएका छन् । उनीहरू जनयुद्धकालीन नेताहरू हुन् ।

राप्रपाबाट उद्धव पौडेल, हेमजंग गुरुङ, नानु नगरकोटी, भरतमणि भट्ट, पूर्णबहादुर विश्वकर्मा, गौमाया श्रेष्ठ, रोमबहादुर भण्डारी, निरञ्जन थापा र विजयलक्ष्मी सिंहले उम्मेदवारी दिएका छन् । राप्रपाले अरु उम्मेदवार उठाउन चाहे पनि मधेस प्रदेश, कर्णाली र सुदूरपश्चिम प्रदेशमा जनप्रतिनिधि एक-एक जनामात्रै हुँदा प्रस्तावक र समर्थक राख्न राप्रपाले मान्छे नै पाएन । नेमकिपाबाट राष्ट्रिय सभा निर्वाचनमा चार जनाले उम्मेदवारी दिएका छन् । हिमालयश्वर मूलले प्रतिनिधि बलराम सिम्बन्जारमार्फत र श्रीकृष्ण महर्जन, संगीता नेपाली र कृष्ण लक्ष्मी दुवालले उम्मेदवारी दर्ता गराएका हुन् ।

नेकपा एकीकृत समाजवादीबाट राष्ट्रिय सभामा घनश्याम रिजाल र सावित्री मल्लले उम्मेदवारी दर्ता गराएका छन् । त्यस्तै, जसपाबाट पूजा चौधरीले उम्मेदवारी दर्ता गराएकी छन् । जनमतले नेता रामशंकर महासेठलाइ उम्मेदवार बनाएको छ । आयोगका अनुसार कूल उम्मेदवार देशभरमा ५२ जना छन् ।

एमाले, राप्रपा र मदुर किसान पार्टी एक्लाएक्लै राष्ट्रिय सभामा लड्ने भएका छन् । कांग्रेस माओवादी केन्द्र, एकीकृत समाजवादी, जसपाले भने गठबन्धन गरेका छन् । जनमत सत्ता गठबन्धनमा रहेकाले उसले एक्लै लड्छ कि के गर्छ टुंगो लागेको छैन । तर, जनमत एक्लै लड्दा पनि गठबन्धनलाई खासै प्रभाव पर्ने देखिँदैन ।

### माओवादी सबैभन्दा ठूलो दल बन्ने सम्भावना

निर्वाचनमा माओवादीका सबै उम्मेदवारले निर्वाचन जिते राष्ट्रिय सभामा ऊ १९ सिटसहित सबैभन्दा ठूलो दल बन्ने छ ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

# सरकारसमक्ष संघको १० बुँदे माग

## सम्बोधन नभए आन्दोलन गर्ने चेतावनी

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले विभिन्न १० बुँदे माग अघि सारेको छ । संघले आफ्ना मागबारे तत्काल सरकारबाट सम्बोधन नभए आन्दोलन गर्ने चेतावनी दिएको छ । व्यवसाय नै धराशायी बनाउने र रोजगारीका लागि विदेशिने कामदारलाई चर्को आर्थिक भार पार्ने गरी ल्याइएका गलत नीतिहरू तत्काल सच्याउन संघले सरकारलाई अल्टिमेटम दिएको छ ।

संघले सोमबार राजधानीमा पत्रकार सम्मेलन आयोजना गरी वैदेशिक रोजगारको क्षेत्रमा रहेका विद्यमान समस्या समाधानका लागि विभिन्न १० बुँदा प्रस्तुत गरेको छ । संघले नेपालस्थित साउदी अरेबियाको राजदूतावासले नेपाली कामदारलाई समय र पैसा दुवैको भार पार्ने गरी अनिवार्य गरेको बायोमेट्रिक कूटनीतिक पहल गरी हटाउनुपर्ने, वैदेशिक रोजगार बोर्ड र मलेसियाको प्राइभेट कम्पनी फरेन वर्कर वेलफेयर म्यानेजमेन्ट सेन्टर (एफडब्लुडब्लुएमसी) बीच भएको व्यवसाय विरोधी सम्झौता खारेज गर्नुपर्ने, वैदेशिक रोजगारीमा जाने दक्ष/अर्धदक्ष कामदारलाई लागू गर्न खोजिएको अनिवार्य भाषा परीक्षाको औचित्य नहेरी आर्थिक भार बढाउने हुँदा खारेज गर्नुपर्ने, निःशुल्क तालिमका नाममा बनाइएको कार्यविधिको अनावश्यक मापदण्ड हटाउनुपर्ने, अभिमुखीकरण तालिमको नयाँ मापदण्डअनुसार तय गरिएको कार्यविधिमा राहदानी लिनुअगावै तालिमको व्यवस्था मिलाउनुपर्ने माग गरेको छ ।

साथै मानव तस्करी र विचौलियालाई फाइदा पुग्ने गरी प्रदान भइरहेको व्यक्तिगत श्रम स्वीकृति बन्द गर्नुपर्ने, व्यवसायीमार्फत वैदेशिक रोजगारको आकर्षक गन्तव्य जापान, इजरायल (केयर गिभरबाहेक) र कोरियाको इ-सेभेन भिसामा कामदार पठाउने व्यवस्था गर्नुपर्ने, नयाँ व्यवसायीले साउदीबाट मागपत्र ल्याए पनि कामदार पठाउन नपाइरहेकाले पठाउन पाउने व्यवस्था गर्न पहल गरिदिनुपर्ने, वैदेशिक रोजगार ऐन, २०६४ लाई समयसापेक्ष परिमार्जन गर्न संघसँग समन्वय र छलफल गरी यथाशीघ्र कार्य प्रारम्भ गर्नुपर्ने र फेइम्स प्रणाली पूर्ववतरूपमा अविलम्ब सञ्चालनमा ल्याउनुपर्ने माग पनि संघले सरकारसमक्ष राखेको छ ।

व्यवसायीले राखेका मागहरू सरकारबाट समयमै सम्बोधन नभए आन्दोलनका कार्यक्रम घोषणा गर्ने संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'वैदेशिक रोजगारका क्षेत्रमा पहिलेदेखि नै विभिन्न समस्याहरू कायमै छन्,' उनले भने, 'त्यसमाथि सरकार नै समस्या थप्ने कार्यमा सक्रिय रहेको छ ।' समस्या थप्नुमा पछिल्लो समय सरोकारवालहरूसँग छलफल नै नगरी मलेसियाको निजी कम्पनी एफडब्लुडब्लुएमसी र वैदेशिक रोजगार बोर्डबीच भएको सम्झौतालाई लिन सकिने अध्यक्ष भण्डारीले बताए ।

साझेदार संस्थाहरूसँग छलफल र अध्ययनविना हतारमा निजी कम्पनीसँग सम्झौता गर्नु गलत मनसाय र त्रुटिपूर्ण रहेको उनको भनाइ छ । 'कल्याणकारी कार्यको नाममा चोर बाटोबाट विवादास्पद व्यक्तिसँग जोडिएको निजी कम्पनीसँग भएको सम्झौताले भविष्यमा मलेसियाको रोजगारी एकाधिकार कायम गर्ने आधार तय भएको देखिन्छ,' अध्यक्ष भण्डारीले भने, 'अझ मलेसियाको रोजगारदाता र कामदारको व्यक्तिगत विवरण निजी कम्पनीलाई रेकर्ड राख्न दिनु झनै त्रुटिपूर्ण रहेका कारण यस्ता विवादास्पद सम्झौता तुरुन्तै खारेज गर्न बोर्डका कार्यकारी निर्देशकलाई अल्टिमेटम दिन चाहन्छौं ।'

यस्तै साउदी दूतावासले १ जनवरीदेखि लागू गरेको अनिवार्य बायोमेट्रिक प्रणालीले कामदारमा आर्थिक भार थपेको भण्डारीले बताए । साउदी सरकारको मातहत रहेको गाम्काले मेडिकल परीक्षण गर्दा नै निःशुल्क बायोमेट्रिक गर्न सक्ने हुँदा आर्थिक लाभका लागि छुट्टै संयन्त्र खडा गरी शुल्क निर्धारण गर्नु अनावश्यक र कामदारलाई थप आर्थिक भार पार्ने षडयन्त्रमात्रै भएको उनले जानकारी दिए ।

(क्रमशः पृष्ठ २ मा)


जनहितमा जारी सन्देश

जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने

कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं

आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं

आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं

हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं

सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं

गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं

गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं

गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेशन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### सिट १९...

अहिले राष्ट्रिय सभामा माओवादी केन्द्रका १६ जना सांसद छन् । त्यसमध्ये विना पोखरेल, महेशकुमार महरा र हरिराम चौधरीको छ वर्षे कार्यकाल सकिँदै छ । माओवादीबाट तीनजना सांसदको समयावधि सकिँदै गर्दा छ जना थपिँदा माओवादी पहिलो दल बन्ने छ ।

राष्ट्रपतिबाट मनोनीत भएका नारायण दाहाल पनि माओवादी केन्द्रका सांसद हुन् । त्यसो हुँदा राष्ट्रिय सभामा माओवादी केन्द्रका १९ सांसद हुने छन् ।

राष्ट्रिय सभामा प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसका १० जना सांसद छन् । त्यसमध्ये चार जनाको समयावधि सकिँदै छ । यो निर्वाचनमा कांग्रेसबाट १० जनाले उम्मेदवारी दिएका छन् । मतभारका आधारमा उनीहरू निर्वाचित हुने सम्भावना देखिएको छ । त्यसो हुँदा कांग्रेस १६ सांसदसहित राष्ट्रिय सभाको दोस्रो ठूलो दल बन्ने देखिएको छ ।

राष्ट्रिय सभामा अहिले राष्ट्रपतिबाट मनोनीत एकसहित एमालेका १८ जना सांसद छन् । आठ निर्वाचित र एक राष्ट्रपतिबाट मनोनीतसहित नौ जना एमाले सांसदको समयावधि सकिँदै छ । अहिलेसम्मको मतभार विश्लेषण गर्दा एमालेले जित्ने सम्भावना देखिएको छैन । त्यसो हुँदा यो निर्वाचनपछि राष्ट्रिय सभामा नौ सांसदसहित एमाले तेस्रो दल बन्ने देखिएको छ ।

राष्ट्रिय सभामा एकीकृत समाजवादीका अहिले आठ जना सांसद छन् । यो पार्टीका दुई सांसदको कार्यकाल सकिँदै छ भने उसले दुईजना नै उम्मेदवार उठाएको छ । एकीकृत समाजवादीका दुवै उम्मेदवारले जितेको खण्डमा आठ सांसदसहित ऊ राष्ट्रिय सभाको चौथो ठूलो दल बन्ने देखिन्छ ।

त्यस्तै अहिले जसपाका तीनजना राष्ट्रिय सभा सदस्य छन् । त्यसमध्ये एक जनाको समयावधि सकिएको छ भने जसपाबाट एकजनाकै उम्मेदवारी परेको छ । जसपाबाट उम्मेदवारी दिएका उनले जितेमा तीन सांसदसहित जसपा राष्ट्रिय सभामा रहने देखिएको छ ।

### उम्मेदवार छान्न...

यता अर्का महामन्त्री शर्माले संसदीय बोर्डको बैठकमा छ बुँदे असहमति राखेका थिए । आइतबार साँझ शर्माले विभिन्न प्रश्न अघि सार्दै असन्तुष्टि जनाएका थिए । 'उम्मेदवार चयनको समग्र सन्दर्भमा शभापतिको कार्यशैलीसँग प्रस्ट असहमत,' शर्माले पहिलो असहमति जनाएका थिए । त्यसपछि उनले संसदीय बोर्डलाई पूर्णता नदिएर हामी पदाधिकारीले मात्रै निर्णय गर्ने भए विधानमा किन राखेको ? राष्ट्रिय सभाको विशिष्टता बढाउने कर्तव्य दलहरूकै होइन र ? कांग्रेसले यो हेक्का राख्नुपर्छ कि पर्दैन ? समावेशीताको सिद्धान्त विधानमा कि व्यवहारमा ? नेतृत्वले फरक विचार समूह गाँस्ने कि एक्लै बढ्ने ? फरक विचार समूहले भाग मात्र लिने कि न्यायोचित प्रतिनिधित्व खोज्ने ? भनी प्रश्न गरेका थिए । शर्माले कृष्णप्रसाद सिटौलाको उम्मेदवारीमा भने स्वीकार्य भएको बताएका छन् । 'राष्ट्रिय सभाकै नेतृत्व गर्ने गरी अपवाद स्वीकार्य, अन्य सोझै र प्रस्ट अस्वीकार्य । योगदान र योग्यता बोकेका सयौं साथी हुनुहुन्छ, जिम्मेवारीको अवसर न्यायोचित हुनुपर्छ,' शर्माले लेखेका छन् ।

### शेखरद्वारा कमजोरी स्वीकार

कांग्रेस संस्थापनइतरका नेता शेखरले असन्तुष्टिका बाबजुद पनि सीमित सिटका कारण आफूहरूले खोजे जति सिट नपाएको स्वीकार गरेका छन् । सोमबार साँझ सामाजिक सञ्जाल फेसबुकमा उम्मेदवारी छनोट प्रक्रियाबारे आफ्नो वक्तव्य जारी गर्दै कोइरालाले यस्तो बताएका हुन् ।

शेखर-गगन पक्षले राष्ट्रिय सभा उम्मेदवारमा चार सिट दाबी गरेको थियो । यद्यपि पार्टी सभापति देउवाले तीन सिटमात्र दिएपछि शेखरले असन्तुष्टि जनाएका थिए । 'सीमित सिटका कारण पार्टीका साथीहरूलाई न्याय गर्न चाहेर पनि सम्भव भएन,' कोइरालाले भनेका छन् । न्यायोचित टिकट वितरण गर्न असमर्थ आफूले गल्ती गरेको भए सच्चिँदै अघि बढ्ने प्रणसमेत कोइरालाले गरेका छन् ।

'न्यायोचित टिकट वितरण गर्न असमर्थ पार्टी निर्णयमा मैले गल्ती (कमजोरी गरेको रहेछु भने म त्यसलाई स्वीकार्दै साथीहरूको सल्लाह र सुझावबाट भविष्यमा अगाडि बढ्ने प्रण गर्दछु,' उनले भनेका छन्, 'मेरो अभियान पार्टीमा अवसरको न्यायोचित वितरण होस् भन्ने नै हो । यो अभियानमा साथीहरूबाट विगतमाझैं निरन्तर साथ र सहयोग पाइरहने अपेक्षासमेत गर्दछु ।' कांग्रेसको तर्फबाट उम्मेदवारी दर्ता गरिसकेकालाई भारी मतले जिताउने जिम्मा भने सबैका काँधमा आएको शेखरले बताएका छन् ।

### सरकारसमक्ष संघको...

साउदी दूतावासले सिण्डिकेट लगाउने उद्देश्यले केही सीमित व्यवसायीलाई मात्रै आइडी दिने र कतिपय व्यवसायीको विनाकारण आइडी कार्ड खोस्ने, विनाकारण झमेलामा पार्नेलगायत गरी दुःख दिनुका साथै नयाँ व्यवसायीले कामदारको माग ल्याए पनि पठाउन अवरोध सिर्जना गर्ने गरेको भण्डारीले आरोप लगाए । मलेसिया तथा साउदीको घटनाक्रमले कालान्तरमा सिण्डिकेट कायम हुने भन्दै भण्डारीले समस्या समाधान नभएसम्म चरणबद्ध आन्दोलन गर्नुका साथै अन्त्यमा कामदार पठाउन बन्द गर्ने बताए ।

### कामदारको लागत खर्च एक लाख ३३ हजार

संघले सोही पत्रकार सम्मेलनमार्फत मलेसिया तथा खाडी मुलुक जाने कामदारको अनुमानित लागत शुल्कसमेत सार्वजनिक गरेको छ । जसअनुसार वैदेशिक रोजगारीमा जाने कामदारको लागत खर्च एक लाख ३३ हजार रूपैयाँ हुने बताइएको छ ।

वैदेशिक रोजगारलाई मर्यादित र कामदारलाई वास्तविक लागत खर्चमा पठाउन 'खर्च' शीर्षक निर्धारण गर्नुपर्ने संघको माग छ । यदि रोजगारदाताबाट म्यानपावर व्यवसायीलाई निर्धारित लागत खर्च प्राप्त भएमा कामदारबाट कुनै शुल्क नलिने तर रोजगारदाता कम्पनीले नदिएको खण्डमा निर्धारित सेवा शुल्क कामदारले बेहोर्नुपर्ने बताइएको छ ।

संघले विभिन्न शीर्षक उल्लेख गर्दै एक जना कामदारबाट एक लाख ३२ हजार ७५४ रूपैयाँ भर्ना शुल्क लाग्ने जनाएको छ । यद्यपि यो शुल्क अझै बढ्नसक्ने संघले उल्लेख गरेको छ । निर्धारित शुल्क कामदारले बेहोर्ने व्यवस्था भएमात्रै लागत खर्च पारदर्शी हुने संघले दाबी गरेको छ ।

## नवनियुक्त ३९ न्यायाधीशले लिए शपथ

**काठमाडौं (प्रस)–** उच्च अदालत पाटनका मुख्य न्यायाधीश नृपध्वज निरौलाले उच्च अदालतमा नवनियुक्त न्यायाधीशलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका छन् ।

उच्च अदालत पाटनमा सोमबार आयोजित समारोहमा प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको उपस्थितिमा नवनियुक्त ३९ जना न्यायाधीशलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका हुन् ।

न्याय परिषद्को यही पुस १८ गतेको बैठकले उच्च अदालतमा रिक्त ४० पदमध्ये ३९ जना न्यायाधीश नियुक्त गरेको थियो । उच्च अदालतमा नियुक्त भएका न्यायाधीशमध्ये २६ जिल्ला अदालतका न्यायाधीश रहिसकेका छन् । यसैगरी न्याय सेवा र सरकारी वकिलबाट चारजना अधिकृत न्यायाधीशमा नियुक्त भएका छन् । साथै नौजना कानुन व्यवसायीबाट न्यायाधीश नियुक्त भएका छन् ।

## सच्याइएको

मिति २०८० पौष २२ गते प्रभाव दैनिकको वर्ष १० अंक २४८ मा प्रकाशित भएको मधुवन नगरपालिका नगरकार्यपालिकाको कार्यालय, वर्दिया लुम्बिनी प्रदेश, नेपाल, **नदिजन्य, पदार्थ उत्खनन् गरि विक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचनामा बोलपत्र दस्तुर (रू) ३०००/-** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

- सम्पादक


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALSHIYMA EVENTS ORGANIZING AND MANAGING CO. LLC

पूर्व स्वीकृति मिति २०८०/०९/२० LT. No. 297583 चलानी नं.६०२१२७७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 10 | 0 | 1200 | ४३,३८५ | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waitress | 0 | 5 | 1200 | ४३,३८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ २ गते (16th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MEHANDI OVERSEAS PVT. LTD. श्रम ईजाजत नं. ११५७/०७३/०७४

Sinamangal–9, Airport, Kathmandu, Tel:- 01 4581856

Mobile : 9851134306, 9851194149, Email:mehendioverseas2074@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE RARE BURGER

पूर्व स्वीकृति मिति : २०८०/०९/२२ LT. No. 297681 चलानी नं.६०२१२७८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 5 | 0 | 1300 | ४७,४१० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 10 | 1300 | ४७,४१० | | | | | | | |
| 3 | Cook | 3 | 0 | 1500 | ५४,७०५ | | | | | | | |
| 4 | Driver | 2 | 0 | 1700 | ६२,००० | | | | | | | |
| 5 | Waiter | 0 | 5 | 1400 | ५१,०६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८० माघ २ गते (16th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

White Horse International Pvt. Ltd. Govt. License 966/067/68

New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com



## युएईमा रोजगार MAGNUM SECURITY SERVICES, UAE

पुर्व स्विकृति मितिः २०८०/०९/२३ चलानी नं. ६०२१२७९० LT No. 297729

| सि.नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Life Guard | 50 | काममा दक्ष | 1352 | 48946 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

★अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० माघ २, ३ र ४ गते (16, 17 & 18 January 2024) हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने म्यादी जिवन विमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफै | रु.१५०० कामदार आफैंले |

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

दैलेख ओभरसिज प्रा. लि. श्रम इजाजत पत्र नं.: ११४९/०७३/७४

बसन्धारा, चक्रपथ, काठमाडौं, फोन नं.: ०१-४३८०१२१, ४३६२७१२


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०३/११ मा दर्ता भएको प्रा.लि. नं. १९२३४४ को ढोर पाटन कृषि फार्म प्रा.लि. को मिति २०८०/०९/२२ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**

**फोन नं. ९८४१३४०४०३, ईमेल** : rokayasherbahadur723@gmail.com

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालय

## कम्पनी खारेजी सूचना

यस कार्यालयमा मिति २०७२/०८/१६ मा दर्ता भएको प्रा.लि.नं. १४२२०० को **पि.एन.जे. कंसोर्टियम प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०९/२३ को निर्णयअनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालय

## हक दावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७५/०९/०६ मा दर्ता भएको प्रा.लि.नं. २०४९६७ को **सफल सिड प्रा.ली.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०९/२४ गते)

श्रीलाल चापागाँई/बालीका चापागाँईको नाति, बलभद्र चापागाँई/गौरी चापागाँईको छोरा, यमकला चापागाँईको पति चितवन जिल्ला, भरतपुर म.न.पा, वडा नं. ६ बस्ने गुरुदत्त चापागाँईको मिति २०८०/०२/२८ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको गीतानगर शाखामा रहेको गुरुदत्त चापागाँइको खाता नं. १५०००८३८७३४००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको जेठो छोराले यस बैंकको गीतानगर शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय गीतानगरमा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED सबैका लागि, सधैंका लागि

शाखा कार्यालय गीतानगर, चितवन फोन नं ०५६-४०००४७

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०९/२४

यस कम्पनीको मिति २०८०/०९/०८ मा सम्पन्न वार्षिक/बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **काकेहाशी जापानिज ल्याङ्गवेज स्कूल प्रा.लि. (प्रा.लि. नं. ३०८१६६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/१६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **जापानिज ल्याङ्गवेज स्कूल काठमाण्डौ प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## डिभिजन वन कार्यालय ललितपुरको

## दरखास्तको लागि जारी ७ दिने सार्वजनिक सूचना !

प्रथम पटक प्रकाशित मितिः २०८०/०९/२४

यस कार्यालयको आ.व. २०८०/८१ को स्वीकृत वार्षिकहरु वातावरण संरक्षण तथा शहरी वन कार्यक्रमतर्फको तपशिल बमोजिमका कार्यक्रम/कृयाकलापहरु संचालन गर्न हरित स्वयंसेवक करारमा नियुक्ति गर्नु पर्ने भएकोले ललितपुर जिल्लामा स्थायी बसोबास भएका इच्छुक व्यक्तिले यो सूचना प्रकाशित भएको मितिले ७ सात दिनभित्र आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | कार्यक्रम/कृयाकलापको शिर्षक | इकाइ | परिमाण | कै |
|---|---|---|---|---|
| १ | हरित स्वयंसेवक परिचालन २०८०/१०/१५ देखि २०८१/०३/१५ सम्म | जना | १० | |

विस्तृत विवरणकोलागि डिभिजन वन कार्यालय ललितपुरमा सम्पर्क गर्नु हुन ।

## सञ्चालक नरहेको जानकारी गराएको बारे

सुरेन्द्र घिमिरेले विशालनगर काठमाण्डौमा कार्यालय रहेको वैदेशिक रोजगार व्ययवसाय गर्ने कोशी ईन्टरनेशनल सर्भिसेज प्रा.लि.को कम्पनीको १० प्रतिशत शेयर लिई कम्पनीको संचालकको रूपमा काम गरेकोमा मेरो घरायसी कारणले गर्दा मैले मितिः २०८०/०१/२७ गते देखि सञ्चालकको रूपमा काम गर्न नसक्ने व्यहोरा जनाई मसँग रहेको कम्पनीको सर-सामान नगदि जिन्सी वर बुझारथ गरी मितिः २०८०/०१/२७ गते देखि कम्पनीबाट अलग भएकाले राजिनामा गरी यस वारेमा वैदेशिक रोजगार विभाग र कम्पनी रजिष्ट्रारको कार्यालयमा अवगत गराई सकेको छु ।

मैले सञ्चालकबाट राजिनामा दिई कोशी ईन्टरनेशनल सर्भिसेज प्रा.लि.को सञ्चालकबाट अलग भएको लिखित जानकारी वैदेशिक रोजगार विभाग र कम्पनी रजिष्ट्रारको कार्यालयमा गराएको, म कोशी ईन्टरनेशनल सर्भिसेज प्रा.लि.को सञ्चालक नरहेकाले कम्पनी संचलन गर्ने कार्यमा मेरो संलग्नता भूमिका नरहेको व्यहोरा सवैलाई अवगत गराउदछु ।

**सुरेन्द्र घिमिरे**

**शेयरधनी, कोशी इन्टरनेशनल सर्भिसेज प्रा. लि.**

गोरखा जिल्ला साविक घर भै काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. १६

## सार्क इन्टरनेशनल प्रा. लि. खारेजी (लिक्विडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०२/२४ मा दर्ता भएको प्रा.लि. न.५३७२७ को **सार्क इन्टरनेशनल प्रा.लि.**लाई खारेजी (लिक्विडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८०/०२/११ गतेको विशेष साधारणासभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही/कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर, निलकण्ठ पोखरेल, प्र.प.नं.५१२**

## मनसुन चमेना गृह प्रा.लि. खारेजी (लिक्विडेसन) सम्बन्धमा हकदाबी गर्न आउनेबारे सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०८/१२ मा दर्ता भएको प्रा.लि.न.१५९१०० को **मनसुन चमेना गृह प्रा.लि.** लाई खारेजी (लिक्विडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८०/०२/१० गते को विशेष साधारणासभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही/कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर, निलकण्ठ पोखरेल, प्र.प.नं.५१२**

## मिनी पोर्टेवल वासिङ मेसिन (Mini Portable Washing Machine) को अधिकतम बिक्री मूल्य MRP सम्बन्धी सूचना

यस इन्टरप्राइजेजले **PUJIANG DUOJIA CLOTHING CO.,LTD** बाट पैठारी गरेको मिनी पोर्टेवल वासिङ मेसिन अधिकतम खुद्रा मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक | परिमाण | इकाई | बिक्री मूल्य अधिकतम खुद्रा MRP |
|---|---|---|---|---|---|---|---|---|
| १ | Mini Portable Washing Machine | Diving Duck | GB17625 | 3kg | china | १०० | Pcs | ३७०१९९ |
| **बिक्रेताको फर्मको नामः** WINK NEPAL PVT LTD | | | | | | प्यान नम्बरः ६०९६१६३३२ | | |
| **ठेगानाः** JAMAL-01, KATHMANDU, NEPAL | | | | | | फोन नं.: ९८४१७६४०२०७ | | |

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक डिभिजन नुवाकोट

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मितिः २०८०/०९/२४

यस कार्यालयको मिति २०८०/०८/१० को राष्ट्रिय दैनिकमा प्रकाशित सूचना न. ०४-०८०/८१ अनुसार प्राप्त हुन आएका बोलपत्रहरुको मुल्यांकन पश्चात तपशिल बमोजिमको न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरु स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताहरुको जानकारीको लागि जारी गरिएको छ ।

तपशिलः

| सि.नं. | ठेक्का नं. र कार्य विवरण | निर्माण कार्यको विवरण | स्वीकृतिका लागि छनौट भएका बोलत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि.एस.समेत) ने.रु. |
|---|---|---|---|---|
| 1. | RDNKT/33701138/080/081/41 | Rehabilitation works at Gryang-sole section of Betrawoti-Dhunche-Syafrubsi Sadak (NH 18) | C.W. Construction Pvt. Ltd. | 1,23,51,328.27 |
| 2. | RDNKT/33701138/080/081/42 | Specific Maintenance Works of Samakhusi -Tokha- Gurje- Bidur Road(NH-40), Nuwakot | Ba. Su. Construction | 65,02,297.98 |
| 3. | RDNKT/33701169/080/081/44 | Road improvement works of Aadam khola-Pokhari gaun- Barvabhanjyang-Keurinitar Sadak, Dhading | Rudreshwor Construction Company Pvt. Ltd. | 71,59,986.79 |
| 4 | RDNKT/33701169/080/081/45 | Road Improvement works on Budisera Aapchaur Baniyatar Rahultar Satbise Road, Nuwakot | Dee Eye Core Construction | 1,11,83,020.31 |

डिभिजन प्रमुख

संघीय संसद् भवन निर्माण

# भौतिक प्रगति ७७ प्रतिशत

**काठमाडौं–** संघीय संसद्का निर्माणाधीन १२ भवनको काम द्रुत गतिमा भइरहेको छ । प्रतिनिधिसभा र राष्ट्रिय सभाका लागि ठूला बैठक कक्षसहित सानाठूला गरी १२ भवन एकैसाथ निर्माण अघि बढिरहेका छन् ।

प्रतिनिधिसभा राज्य व्यवस्था तथा सुशासन समितिको टोलीले सोमबार सिंहदरबार परिसरमा निर्माणाधीन भवनको अवलोकन गरेको छ । सो अवसरमा सहरी विकासमन्त्री सीता गुरुङले भवन निर्माणमा देखिएको चुनौती, समाधानका लागि गरिएका प्रयास र हालसम्मको प्रगतिबारे संसदीय टोलीलाई जानकारी गराइन् ।

निर्माणाधीन संघीय संसद्को हालसम्मको भौतिक प्रगति ७७ प्रतिशत पुगेको सो अवसरमा जानकारी दिइयो । अवलोकनका क्रममा मन्त्री गुरुङले आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेसँगै पहिलो प्राथमिकता राखेर संघीय संसद्को नयाँ भवन निर्माण अघि बढाएको बताइन् ।

'भवन निर्माणलाई अघि बढाउने सिलसिलामा आएका चुनौतीलाई पन्छाएर ५० प्रतिशतबाट बढाएर अहिले भौतिक प्रगति ७७ प्रतिशत पुऱ्याइएको छ,' मन्त्री गुरुङले भनिन्, 'छिटोभन्दा छिटो निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको छ । समस्याको पहिचान र समाधानका लागि अहोरात्र प्रयास गरिराखेका छौं ।'

भ्याटबाहेक छ अर्ब ९२ करोड रूपैयाँको लागतमा अघि बढेको उक्त परियोजनाको वित्तीय प्रगति ६८.१ प्रतिशत पुगेको छ । उक्त भवन निर्माणका लागि हाल दैनिक ३०० भन्दा बढी कामदार खटिएको आयोजना कार्यालयले जनाएको छ । लक्ष्यअनुरूप नै जिम्मेवारी पूरा गर्न द्रुत गतिमा काम गरिरहेको बताउँदै मन्त्री गुरुङले भवनको जिम्मेवारीलाई पूरा गर्न निर्माण तथा अनुगमनलाई नियमित गर्दै चुस्त बनाइएको जानकारी दिइन् ।

समिति सभापति रामहरि खतिवडाले पहिले नै तयारी हुनपर्ने भवन कोभिड-१९ संक्रमणलगायत विभिन्न कारण र परिस्थितिले निर्माण प्रभावित हुँदै आएको प्रतिक्रिया दिए । कठिन मानिएको दुवै सदनको सभाकक्षको छानाको कार्य अघि बढिसकेको पनि त्यस अवसरमा जानकारी दिइएको थियो ।

खतिवडाले भने, 'भवन निर्माणको हालको कार्य प्रगति सन्तोषजनक छ । मन्त्रिसहितको टोलीबाट भइरहेको मिहेनत र प्रयासलाई धन्यवाद दिन्छौं । आगामी बजेट अधिवेशन यो भवनबाट सुरु गर्ने वातावरणका लागि अनुरोध गरिएको छ ।' दुई सत्रमा कामदार खटाएर छिटोभन्दा छिटो काम पूरा गर्न निर्देशन दिइएको बताउँदै उनले सोमबारसम्मको प्रगतिलाई हेर्दा निर्धारित समयमा निर्माण सम्पन्न गर्नाका लागि थप मिहेनत गर्नुपर्ने देखिएको उल्लेख गरे ।

प्रतिनिधिसभाको भुइँतलाको भित्री निर्माण र प्लास्टरको काम अन्तिम चरणमा पुगेको तथा अरु कार्य भने तदारुकताका साथ अघि बढिरहेको बताइएको छ । आयोजना निर्देशक मचाकाजी महर्जनका अनुसार आयोजनाको भौतिक प्रगति ७७ प्रतिशत पुगेको र पछिल्लो सम्झौताबमोजिम आगामी चैत १५ गतेसम्म भवन हस्तान्तरण गरिसक्नु पर्ने छ ।

अत्याधुनिक सुविधा सम्पन्न र विश्वमै उत्पादन भएका नयाँ प्रविधि जडान गरिने भनिएको उक्त भवन निर्माण सहरी विकास तथा भवन निर्माण विभाग मातहतको विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयबाट भइरहेको छ । *रासस*

# नेपालमा पहिलोपटक भेटियो कोभिडको सब–भेरियन्ट

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विश्वका केही देशमा फैलिरहेको कोभिड-१९ संक्रमणको नयाँ सब-भेरियन्ट 'जेएन वान' नेपालमा पहिलोपटक फेला परेको पुष्टि गरेको छ । मन्त्रालयले सोमाबार विज्ञप्ति जारी गर्दै नयाँ सब-भेरियन्ट फेला परेकाले सतर्क रहन सर्वसाधारणमा अनुरोध गरेको छ ।

नयाँ भेरियन्टको संक्रमण फैलन नदिन भीडमा नजान, भौतिक दूरी कायम गर्न, मास्कको प्रयोग गर्न र साबुनपानीले हात धुन मन्त्रालयले आग्रह गरेको छ । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले देशका विभिन्न भागबाट विभिन्न उमेर समूहका व्यक्तिबाट संकलित १६ वटा नमूनाको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला गरिएको 'जिन सिक्वेन्सिङ'मा सातवटा नमूनामा ओम्निक्रोनको सब-भेरियन्ट जेएन.वान देखिएको बताए ।

मन्त्रालयले संक्रमण रोक्न नेपाल-भारत सीमानाकाका प्रवेश बिन्दुमा 'हेल्थ डेस्क' स्थापना गर्न स्वास्थ्य कार्यालयहरूलाई निर्देशन दिएको छ । साथै आवश्यक स्क्रिनिङ र निगरानी निरन्तर गर्न आग्रह गरेको छ ।

# हिमालयन इन्टरनेनल भास्कुलर समिट हुने

**काठमाडौं (प्रस)–** 'ब्रिजिङ बोर्डर्स इन मेडिकल एक्सिलेन्स' भन्ने नाराका साथ 'हिमालयन इन्टरनेसनल भास्कुलर समिट-२०२४' हुने भएको छ। धमनी शल्यचिकित्सासम्बन्धी बहुप्रतिक्षित समिट यही जनवरी १७ देखि १९ (माघ ३ देखि ५ गते) सम्म ललितपुरस्थित होटल हिमालयमा हुने आयोजकले जानकारी दिएको छ ।

भास्कुलर मेडिसिनको ज्ञान र अनुभवहरू आदानप्रदान गर्न सम्मेलन आयोजना गरिएको हो । सम्मेलनमा विभिन्न क्षेत्रका करिब २५० जना सहभागी हुने आयोजकले जनाएको छ। अधिकांश सहभागीहरू विभिन्न मुलुकबाट आउने छन् । विश्वभरका १०० भन्दा बढी प्रतिष्ठित वक्ताहरूको प्रस्तुति रहने जनाइएको छ। सम्मेलन आयोजक संस्थाका अध्यक्ष डा. सन्दीपराज पाण्डेले हिमालयको मुटुमा यस्तो सम्मेलन आयोजना गर्न पाउँदा उत्साहित भएको बताए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AHMED SAUD BIN RAJAA AL-MUTAIRI BEVERAGE SHOP

पूर्व स्वीकृति मिति २०८०/०६/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२३ | LT. No. 293486 | चलानी नं. ६०२०८६७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 2 | 0 | 1200 | ४२,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

कम्पनी : ZN TRADING EST

पूर्व स्वीकृति मिति २०८०/०६/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२३ | LT. No.293107 | चलानी नं. ६०२०८२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २ गते (16th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**

श्रम ईजाजत नं. १०००/०६८/०६९

Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com, Web: www.honestyoverseas.com.np



## स्क्वायर सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेड
**Square Saving & Credit Co-operative Limited**

मखन-२५, काठमाडौं, नेपाल
फोन: ०१-४२३९९११, मोबाइल नं. ९८४९६३५७१२

### ऋण चुक्ता गर्ने बारेको ३५ दिने सूचना

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरूले उपयोग गर्नु भएको ऋण तिर्ने बुझाउने सम्बन्धमा यस संस्थाबाट पटक पटक ताकेता गर्दा पनि आलटाल गरी ऋण तिर्नतर्फ कुनै चासो नदेखाएकोले तिर्न बुझाउनको लागि यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित मितिभित्र रकम दाखिला हुन नआएमा कर्जा उपयोग गर्ने क्रममा यस संस्थालाई लेखिदिएको धितो लिलामी बिक्री गरी तथा कर्जा तमसुक सर्त कबुलियतनामा तथा सहकारी ऐन २०७४ मा भएको व्यवस्था बमोजिम वा प्रचलित कानुन बमोजिम अन्य व्यवस्था गरी संस्थाको साँवा ब्याज तथा असुली कारबाहीको सिलसिलामा उक्त कार्यविधि अनुसार भएको अन्य खर्च समेत असुल उपर गरिने व्यहोरा जानकारी गराउदछौं । सो बाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाईं ऋणीको घरघराना चलअचल सम्पत्तिबाट प्रचलित कानुन बमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित पक्षलाई यसै सूचनाद्वारा जानकारी गरिन्छ ।

तपशिल

ऋणी/व्यक्तिगत जमानी

| ऋणीको नाम | बाजेको नाम | बाबुको नाम | ठेगाना |
|---|---|---|---|
| प्रतिमा श्रेष्ठ | राजेश ब. श्रेष्ठ | पुष्पराज श्रेष्ठ | का.जि. नार्गजुन न.पा., इचंखु गा.वि.स.-६ |
| जुन श्रेष्ठ | लक्ष्मी प्रसाद श्रेष्ठ | सुर्यप्रसाद श्रेष्ठ | का.जि.का.न.पा.२ |
| रोमिलाल श्रेष्ठ | सुर्य लाल श्रेष्ठ | गोविन्द लाल श्रेष्ठ | का.जि.का.न.पा.२ |
| हितकार प्रधान | शेरबहादुर प्रधान | मोतिकाजी प्रधान | का.जि.का.न.पा.२५ मखन |
| वालकुमारी थपलिया | कृष्ण गोपाल श्रेष्ठ | वालकृष्ण श्रेष्ठ | का.म.न.पा १५, चमति |
| इन्दु नेपाली | जगतबहादुर नेपाली | इन्द्रबहादुर नेपाली | का.म.न.पा १८, भुसङ्खेल |
| कल्पना ताम्राकार | बलराज ताम्राकार | दमनराज ताम्राकार | ल.पु. पाटन-१२ |
| सरद कु. कार्की | नवलसिंह कार्की | चक्रबहादुर कार्की | का.जि.का.म.न.पा.१, हाल नैकाप |
| महेश महर्जन | | आशाकाजी महर्जन | का.म.न.पा. २४ |
| सुदिप मिश्र | प्राणगोपाल मिश्र | जननी प्रसाद मिश्र | का.म.न.पा. १९ |
| सनम खड्गी | | सुरत्न खड्गी | का.जि.का.म.न.पा. १५ विजेश्वरी |
| सुनिता बज्राचार्य | शिव बज्राचार्य | सानु हर्ष बज्राचार्य | का.जि.का.म.न.पा. २१ |
| सुनिता बज्राचार्य | अष्टमान शाक्य | रत्नमान शाक्य | का.जि.का.म.न.पा. ३० |
| शिव सुन्दर श्रेष्ठ | भैरवलाल श्रेष्ठ | नारायण प्रसाद श्रेष्ठ | का.जि.का.म.न.पा.३०, असन |
| शैलेन्द्र बज्राचार्य | खेमरत्न बज्राचार्य | सातरत्न बज्राचार्य | का.म.न.पा वडा नं.२४ |
| रिद्धमान शाक्य | उजेरमान शाक्य | मेहरमान शाक्य | का.म.न.पा.१९ काठमाडौं |
| जय राज शाक्य | राजरत्न शाक्य | तिर्थराज शाक्य | का.म.न.पा.१५ |
| रत्नराज श्रेष्ठ | काशिलाल श्रेष्ठ | रत्न बहादुर श्रेष्ठ | का.म.न.पा. २५ |
| अमृता श्रेष्ठ | रामबबहादुर श्रेष्ठ | गौरव बहादुर श्रेष्ठ | का.जि.का.म.न.पा. २५ |
| रत्न श्रेष्ठ | कृष्णबबहादुर श्रेष्ठ | रामचन्द्र श्रेष्ठ | का.जि.का.म.न.पा. १४ |
| सुबिरनाथ खनाल | जगन्नाथ खनाल | केदार नाथ खनाल | का.जि.का.म.न.पा वडा नं.५ |



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
**राष्ट्रिय ट्रमा सेन्टर**
महांकाल काठमाडौं

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः २०८०/०९/२४ गते)

यस अस्पतालबाट मिति २०८०/०८/१३ गते प्रकाशित सूचना अनुसार आव्हान गरिएको विद्युतीय बोलपत्र अन्तर्गत प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपशील बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यून मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

| सि.नं. | बोल पत्र नं. | विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क |
|---|---|---|---|---|
| १. | NTrC/G/NCB/11-080/81 | Supply & Delivery of Rasan Goods | श्री महाँकाल सप्लायर्स, काठमाडौं | रु.७५,९४,०१०.५२/- (अक्षरेपी पचहत्तर लाख चौरानब्बे हजार दस रुपैयाँ बाउन्न पैंसा मात्र मू.अ.कर बाहेक) |

अस्पताल प्रशासन



## कतारमा रोजगार

**AMAN STEEL FACTORY W.L.L., DOHA**

पुर्व स्विकृति मितिः २०८०/०९/२२ | चलानी नं. ६०२१२७७६ | LT No. 297692

| सि.नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 10 | काममा दक्ष | 1300 | 47474 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

★ अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २ गते (16 January 2024) हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने म्यादी जिवन विमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफै | रु.१५०० कामदार आफैंले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः **निःशुल्क**

**आकृति रिक्रुटिङ्ग प्रा. लि.**
सिनामंगल, काठमाडौं, फोन नं.: ०१-४११०८२६, ४११०८११
श्रम इजाजत पत्र नं.: ९१७/०६७/०६८



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ROLL WINDING FOOD SERVICES EST.

पूर्व स्वीकृति मिति २०८०/०५/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२३ | LT. No. 292212 | चलानी नं. ६०२०८०२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५३,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २ गते (16th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रू. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QATAR CARE

पूर्व स्वीकृति मिति २०८०/०६/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२३ | LT. No. : 293063 | चलानी नं.:६०२०८४८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Caregiver | 0 | 10 | 2200 | ८०,४५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Nurse | 0 | 40 | 4200 | १५३,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २ गते (16th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd**
श्रम ईजाजत नं. ०९५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Mob: 9861045857



## ओमन/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HOSPITALITY CONCEPT LLC

पूर्व स्वीकृति मिति २०८०/०९/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२३ | LT. No. 296742 | चलानी नं. ६०२११७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook general | 3 | 0 | 150 | ५२,०८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waitress | 0 | 3 | 150 | ५२,०८० | | | | | | | |
| 3 | Waiter | 4 | 0 | 150 | ५२,०८० | | | | | | | |

कम्पनी : MJ INTERNATIONAL RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति २०७९/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२३ | LT. No. 272271 | चलानी नं. ६०१८६७७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Chef | 10 | 0 | 150 | ६४,७८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 6 | 0 | 150 | ६४,७८५ | | | | | | | |
| 3 | Waitress | 0 | 6 | 150 | ६४,७८५ | | | | | | | |
| 4 | Chef | 10 | 0 | 150 | ६४,७८५ | | | | | | | |

कम्पनी : AL KOUT BEACH HOTEL KUWAIT

पूर्व स्वीकृति मितिः २०८०/०५/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२३ | LT No. 292294 | चलानी नं. ६०२०७३३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bellman | 2 | 0 | 120 | ५१,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeping Supervisor | 1 | 0 | 150 | ६४,७८५ | | | | | | | |
| 3 | Room Attendant Cleaner | 3 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 4 | Laundry Attendant | 2 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 5 | Kitchen Steward | 3 | 0 | 120 | ५१,८२५ | | | | | | | |
| 6 | Waiter | 2 | 0 | 130 | ५६,१४५ | | | | | | | |
| 7 | Salon Beautician | 0 | 8 | 200 | ८६,३८० | | | | | | | |

कम्पनी : GRAND HOTEL KUWAIT

पुर्व स्वीकृति मिति : २०८०/०६/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२३ | LT. No. 293930 | चलानी नं.६०२०९०६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 1 | 180 | ७७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commi Chef | 1 | 1 | 140 | ६०,०८५ | | | | | | | |
| 3 | Hk Attendant / Cleaner | 4 | 2 | 100 | ४२,९१५ | | | | | | | |
| 4 | Receptionist / Clerk | 1 | 1 | 150 | ६४,७८५ | | | | | | | |
| 5 | Reservation Supervisor | 2 | 0 | 150 | ६४,७८५ | | | | | | | |
| 6 | Steward / Kitchen Tool Cleaner | 6 | 0 | 100 | ४२,९१५ | | | | | | | |
| 7 | Waiter/waitress | 4 | 2 | 120 | ५१,८२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २ गते (16th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## पराजितलाई पोस्ने थलो नबनाऊ

राष्ट्रिय सभा विज्ञहरूको सभा हो । अर्थात् यसलाई प्रतिनिधिसभाको निर्णयमा पुनर्विचार र पुनरावलोकन गर्ने थलोका रूपमा चिनिन्छ । कानुन, नीति र योजना बनाउने प्रतिनिधिसभाले कार्यसम्पादनका क्रममा गर्ने त्रुटिलाई सच्याउने र नपुगेका विषयहरू थप गरी पठाउने यस्तो थलोलाई पछिल्लोपटक दलहरूले नेता व्यवस्थापन गर्ने थलो बनाएको छ ।

नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र र जनता समाजवादी पार्टी (जसपा)मात्र हैन एकीकृत समाजवादी पार्टीसम्मले जनताले हराएकालाई यहाँको स्थायी जागिरे बनाउन थालेको देखिन्छ । प्रतिनिधिसभा निर्वाचनमा लगातार दुईपटक झापाका जनताले नरुचाएका नेता कृष्णप्रसाद सिटौलालाई कांग्रेसले यो पालि राष्ट्रिय सभाको टिकट दिएको छ । काठमाडौं–६ बाट पराजित झक्कुप्रसाद सुवेदीलाई माओवादी केन्द्रले लुम्बिनीबाट उम्मेदवार बनाएको छ । प्रदेशसभा सदस्यमा पराजित पूजा चौधरीलाई जनता समाजवादी पार्टीले मधेस प्रदेशबाट राष्ट्रिय सभाको यात्रा पक्का गरिदिएको छ । एमालेले स्थानीय तहमै पराजित पात्र उषादेवीलाई मधेसबाट चुनावी मैदानमा उतारेको छ ।

राजनीतिक दलले अहिले पनि राजाकालीन राष्ट्रिय सभामाझैं आफ्ना आसेपासे र पूजारीलाई लानुले राष्ट्रिय सभाको औचित्यमाथि नै प्रश्न उठेको छ । पार्टीहरूले पहिलोपटक गल्ती गरेका भने होइनन् । यसअघि पनि जनताले हराएकाहरूलाई दलले काखी च्यापेरै राष्ट्रिय सभा सदस्य बनाएका थिए । तिनैमध्येका हुन् उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, वामदेव गौतम, भगवती न्यौपाने, विमला घिमिरे, जगप्रसाद शर्मा, मृगेन्द्रकुमार सिंह र सिंहबहादुर विक ।

२०७४ को प्रतिनिधिसभा निर्वाचनमा पराजित गौतमलाई तीन वर्षअघि तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रिय सभा सदस्य मनोनीत गरेकी थिइन् । २०७४ को प्रतिनिधिसभा निर्वाचनमा गोरखा–२ मा डा. बाबुराम भट्टराईसँग पराजित श्रेष्ठलाई २०७६ मा गण्डकीबाट राष्ट्रिय सभामा प्रवेश गराइएको थियो । यसपटक फागुन २० मा बिदा हुन लागेका एकीकृत समाजवादीका सिंहबहादुर विक वडा सदस्यमै पराजित व्यक्ति हुन् । एमालेकी न्यौपाने २०७४ को स्थानीय निर्वाचनमा तनहुँको भानु नगरपालिका र घिमिरे कपिलवस्तुको वाणगंगा नगरपालिका प्रमुखमा पराजित भएका थिए ।

माओवादी केन्द्रका शर्मा २०७४ को निर्वाचनमा कांग्रेसका डिल्ली चौधरीसँग प्रदेशसभा सदस्यमा पराजित भएका थिए । जसपाका सिंह पनि २०७४ को प्रतिनिधिसभा निर्वाचनमा सप्तरी–४ बाट पराजित अनुहार हुन् । यसरी देशको नीति, योजना तथा कानुन बनाउने थलोमा पराजितहरू ल्याउनु व्यवस्थामाथि नै प्रश्न उठ्ने विषय हो । त्यसैले दलहरूले यस्तो काम सुधार्न बेलैमा बुद्धि पुऱ्याऊ ।

# आर्थिक सबलीकरणका लागि आकस्मिक योजना



▶▶ प्रा. विश्वम्भर प्याकुर्‍याल

अहिले मुलुक जस्तो गम्भीर परिस्थितिबाट गुज्रिरहेको छ त्यसलाई थेग्न सक्ने खालको आकस्मिक योजना बनाउनु आवश्यक छ । जोखिमको उच्चस्तरमा रहेका मुलुकमा पनि आकस्मिक योजनाले निकै सहयोग पुगेको छ । यस्तो योजनाबाट व्यापारिक संगठनहरूले राजनीतिक वातावरणमा आएको आकस्मिक परिवर्तनबाट आफूलाई जोगाउन धेरै हदसम्म सफल भएका छन् । आकस्मिक योजनामा बढ्दो राजनीतिक अस्थिरता अथवा सरकारले ल्याएको नीति परिवर्तनलाई न्यूनीकरण गर्न निश्चित कार्ययोजना तर्जुमा गर्न सकिन्छ ।

मुलुकमा अस्थिर अर्थ-राजनीति हुँदा विकासले गति लिन सक्दैन । नेपालले राजनीतिक फड्को जसेरी मार्न सक्यो, आर्थिक विकासमा अपेक्षाकृत फड्को मार्न नसक्दा जनतामा राज्य प्रणालीप्रति आउन सक्ने असन्तुष्टिप्रति समयमै राजनीतिक दलहरूले गम्भीरता देखाउन ढिला गर्नु हुँदैन । आज परिश्रम गर्न सक्ने व्यक्तिहरूले पनि काम पाएका छैनन्, महँगीले गर्दा अधिकांश व्यक्तिको दैनिकी कठिन बन्दै गएको छ । परियोजनाको प्राथमिकीकरण राजनीतिक स्वार्थमा आधारित भएकाले बजेटको वर्गीकरण सधैं विवादास्पद बनेको छ । एकातिर प्रावधान गरिएको बजेट खर्च हुन सकेको छैन । अर्कोतिर वैदेशिक सहयोग उपयोग गर्ने सामर्थ्यमा ह्रास हुँदै गएको छ । आत्मविश्वासमा गिरावट आयो भने स्वदेशी वा विदेशी लगानीकर्ता हतोत्साहित हुने छन् । लगानीमा प्रोत्साहनस्वरूप चालु आर्थिक वर्षको बजेटमा सरकारले न्यूनतम पुँजी लगानी ६० प्रतिशतले घटाएको थियो तर त्यसको खासै प्रभाव परेको देखिँदैन ।

सीमित क्षेत्रमा लगानी थुप्रिएकाले फरक कारणले एउटा क्षेत्रमा देखिएको संकट अर्को क्षेत्रमा प्रवाहित हुने गरेर सानो समस्याले पनि राष्ट्रिय समस्याको रूप लिने गरेको छ । हामीले आफ्नो लगानी तथा आर्थिक गतिविधिलाई एउटा क्षेत्रमामात्रै सीमित नगरेर मुलुक र मुलुकबाहिर विभिन्न स्थानमा विविधीकरण गर्न सकेको भए राजनीतिक अस्थिरताले एउटा स्थानमा भोगेको असफलतालाई अर्को स्थानमा सञ्चालित गतिविधिले धेरै हदसम्म सन्तुलन गर्न सकिन्थ्यो । नेपाल राष्ट्र बैंकले सन् २०२०/२१ को अन्तसम्म वैदेशिक प्रत्यक्ष लगानीको स्वीकृति लिएका ६०४ वटा कम्पनीमध्ये १९७ कम्पनीको सालाखाला क्षमता उपयोग ६४.९ प्रतिशत र नाफा १४.७ प्रतिशत रहेको देखाएको छ तर प्रदेशगत रूपमा प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) को अंकको मूल्यांकन गर्ने हो भने असमानता छ । यसमा बागमती प्रदेशले ५६.१ प्रतिशत हिस्सा ओगट्छ भने कोशीमा १६.१ प्रतिशतबाहेक अन्य प्रदेशमासमेत सन्तोषजनक छैन । एफडिआई स्टक सुदूरपश्चिममा ०.८ प्रतिशत छ भने कर्णालीमा त शून्य रहेको छ ।

दक्षिण एसियाको अन्य मुलुकको तुलनामा नेपालमा कूल गार्हस्थ आम्दानी (जिडिपी) सन्तोषजनक छैन । दक्षिण एसियाको सालाखाला जिडिपी वृद्धिदर सन् २०२२ मा ६.० प्रतिशत रह्यो जुन सन् २०२१ को तुलनामा १.० प्रतिशत न्यून हो । भारतमा आब सन् २०२३/२४ मा वृद्धिदर ६.३ प्रतिशत रहने प्रक्षेपण गरिएको छ । यही समयमा माल्दिभ्समा ६.५ प्रतिशत रहने छ । बंगलादेशमा पनि ५.६ प्रतिशतकै अनुमान गरिएको छ । राजनीतिक अस्थिरता र ऋणको दायित्व वृद्धिले गर्दा पाकिस्तानमा यो वृद्धिदर करिब दुई प्रतिशतको हाराहारीमा रहने देखिएको छ भने मन्दीपछि श्रीलंकामा पुनर्उत्थानको संकेत देखिँदै छ । नेपालमा भने सन् २०२२ मा देखिएको ५.६ प्रतिशतको वृद्धि अर्थतन्त्रमा सामान्य रिकभरि हुन गए सन् २०२४ मा अधिकतम् ३.९ प्रतिशतम्म रहने प्रक्षेपण गरिएको छ । सन् २०२३ मा भने गत १० वर्षको सालाखाला वृद्धिको तुलनामा सबैभन्दा कम १.९ प्रतिशतमा झर्न गएको छ ।

वर्तमान विकास ढाँचा आर्थिक वृद्धिमा मात्र बढी केन्द्रित भएकाले यसमा परिवर्तनको खाँचो छ । त्यसमाथि पनि यसले असमानता वृद्धि, वातावरणीय अन्याय र पारिस्थितिक प्रणालीमै समस्या ल्याएकाले वर्तमान ढाँचामा सुधार नल्याए विकासको स्थायित्व कठिन छ । राजस्वको मुख्य आधार कर संकलनमा पारदर्शिताको अभाव तथा गिरावट प्रस्ट देखिन्छ । विकास योजना र सामाजिक क्षेत्रमा गरिने लगानी घट्दै जाँदा यसले आर्थिक वृद्धिमा तगारो लाग्दछ ।

नेपाललाई अन्य मुलुकसँग तुलना गर्न र मुलुकले गरेका विकासको लेखाजोखा गर्न केही चलनचल्तीका सामान्य परिसूचक अध्ययन गर्दा नतिजा राम्रो देखिँदैन । जिडिपीले मुलुकको कूल उत्पादनलाई संकेत गर्छ । माथि भनेजस्तै यसको वृद्धिदर हेर्‍यो भने क्षेत्रीयस्तरमै कम देखिन्छ । त्यस्तै कूल राष्ट्रिय उत्पादन (जिएनपी)ले वैदेशिक लगानीलगायत कूल आर्थिक उत्पादनलाई संकेत गर्छ जुन निकै कम छ । जिएनपीलाई जनसंख्याले भाग लगाउने हो भने प्रतिव्यक्ति आम्दानी देखाउँछ जो न्यून छ, मुस्किलले एक हजार ३९९ डलर पुग्न जान्छ । संकटग्रस्त भएर पनि श्रीलंकामा २०२३ मा तीन हजार ८३३ डलरको हाराहारीमा रहने प्रक्षेपण गरिएको छ । जन्म र मृत्युदर हेर्दा स्वास्थ सेवाको उपलब्धता र जनकल्याणको क्षेत्रमा कमजोर अवस्था छ । मानव विकास परिसूचकअन्तर्गत लिइने सालाखाला मृत्युदर, शिक्षा र कूल राष्ट्रिय आय सबैजसो परिसूचकहरू दिगो विकास कार्यक्रममा लिइएको उद्देश्यको तुलनामा कम छ । अझ पनि बाल मृत्युदर उच्च छ जसले स्वास्थ सेवा र जीवनयापनको अवस्था इंगित गर्छ । बाह्य क्षेत्रको सकारात्मक प्रवृत्ति र ऊर्जा क्षेत्रमा भने सन्तोषजनक अवस्था छ ।

मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत राष्ट्र बैंकले गरेको परिमार्जित नीतिले परिस्थितिजन्य कारणले समस्यामा परेका ऋणीले तोकिएको क्षेत्र र अन्य क्षेत्रमा प्रवाह भएको पाँच करोड रूपैयाँसम्मको कर्जालाई ऋणीको अनुरोध, उद्योग व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषणको आधारमा बैंक तथा वित्तीय संस्थाबाट बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी नेपाल राष्ट्र बैंकले खुकुलो मौद्रिक नीति अपनाइ आउँदो चैतसम्म पुन:तालिकीकरण वा पुन:संरचना गर्न पाउने सहुलियत प्रदान गरेर साना ऋणीलाई राहत दिने कार्यक्रम सार्वजनिक गरेको छ ।

बाह्य क्षेत्र सुधारात्मक देखिएता पनि लगानीको अभावमा औद्योगिक उत्पादनमा ह्रास आएको छ । आन्तरिक प्रयासमा सम्भव भएका वस्तुहरूकोसमेत आयात भइरहेको र निराशाजनक निर्यातले व्यापार घाटा अत्यधिक बढेर एकातिर राजस्व घट्नु अर्कोतिर व्यापार र उद्योगको अभावमा बाह्य क्षेत्र सीमित वस्तु र सेवाको बलमा टिक्नुले गर्दा हाम्रो बाह्य क्षेत्रको उपलब्धि दिगो हुने कुरामा विश्वास गर्न गाह्रो भएको छ । कल्पना गरेभन्दा छिटो राष्ट्र बैंकले निश्चित क्षेत्रमा मौद्रिक सुधार ल्याउने प्रयास गरेको छ । बजारले सुधार अनुरूप पाँच वर्षदेखि तात्त्विक रूपमा नतिजा दिन सकेको छैन । तरलता बढेर ब्याजदरमा कमी आउँदासमेत वित्तीय संस्थाबाट ऋण प्रवाह हुन नसक्नुले सरोकारवालाबीचको असमझदारीलाई इंगित गर्दछ । यसमा नेपाल सरकार र राष्ट्र बैंकको नीतिगत प्रयासको खाँचो छ । औद्योगिक क्षेत्र सन् २०२२ मा भएको १०.८ प्रतिशतको वृद्धिबाट २०२३ मा ०.६ प्रतिशतमा घट्न गएको छ भने कृषि क्षेत्र पनि ५.६ प्रतिशतको वृद्धिबाट १.९ प्रतिशतमा ओर्लेको देखिन्छ ।

अहिले मुलुक जस्तो गम्भीर परिस्थितिबाट गुज्रिरहेको छ त्यसलाई थेग्न सक्ने खालको आकस्मिक योजना बनाउनु आवश्यक छ । जोखिमको उच्चस्तरमा रहेका मुलुकमा पनि आकस्मिक योजनाले निकै सहयोग पुगेको छ । यस्तो योजनाबाट व्यापारिक संगठनहरूले राजनीतिक वातावरणमा आएको आकस्मिक परिवर्तनबाट आफूलाई जोगाउन धेरै हदसम्म सफल भएका छन् । आकस्मिक योजनामा बढ्दो राजनीतिक अस्थिरता अथवा सरकारले ल्याएको नीति परिवर्तनलाई न्यूनीकरण गर्न निश्चित कार्ययोजना तर्जुमा गर्न सकिन्छ । व्यापारिक संगठनहरूले पनि आफ्नो व्यापार सञ्चालनमा, सम्पत्तिमा र जनतामा राजनीतिक जोखिमले सिर्जना गरेको प्रभाव न्यूनीकरण गर्न परामर्श योजना बनाउनुपर्ने छ । यस्तो योजनामा राजनीतिक जोखिमको निगरानी र मूल्यांकनको प्रावधानको साथै अनुभव गरिरहेका वर्तमान जोखिमहरूको अद्यावधिक खाका तयार गरी सुसूचित भइराख्नुपर्ने छ । साथै, उद्योग व्यवसायीहरूले सम्भावित जोखिम र तिनलाई न्यूनीकरण गर्न लिन लागेका नीतिहरूबारे कर्मचारी, उपभोक्ता तथा अन्य सम्बन्धित सरोकारवालाबीच नियमित संवाद गर्नुपर्ने हुन्छ ।

राजनीतिक अस्थिरता, कोभिड महामारी, भ्रष्टाचार र शासकीय कमजोरीले धेरै उद्योगधन्दा जोखिमपूर्ण अवस्थामा छन् । यस्तोबेला सरकारले त्यस्ता रुग्ण उद्योगहरूलाई पुनर्जीवित गर्न विशेष कार्यक्रम ल्याउन जरूरी छ । यस्ता कार्यक्रमले रोजगारी वृद्धि गर्नुका साथै रुग्ण उद्योगको पुनर्स्थापना गर्न सहयोग पुग्दछ । राज्यबाट राहत पाएर आर्थिक विकासको गतिलाई सामान्यीकरण गर्न गरिएका धेरै प्रयोग विश्वमा सफल भएका छन् । यस्ता प्रयोग नेपालमा कति सम्भव छ व्यावसायिक छलफलको आवश्यकता देखिन्छ । कुनै पनि क्षेत्रमा लगानी गर्नुअघि त्यस स्थानको पूर्वाधार हरूको अवस्थामा प्रचूर अध्ययन र मूल्यांकन गरी स्थानीयस्तरका सम्भावित लगानीकर्ताको दृष्टिमा बजारको सम्भाव्यता र हाँक के-के हुन् विश्लेषण आवश्यक छ ।

त्यस्तै प्राथमिकताका परियोजनाको राजनीतिक जोखिम बिमा आवश्यक छ । लगानीकर्ताका पहुँचबाहिरका कारणबाट परियोजनाले भोग्न सक्ने जोखिमबाट सुरक्षा लिन र भविष्यमा वैदेशिक लगानीकर्तालाई समेत प्रोत्साहित गर्न यो नीति आवश्यक देखिन्छ । मुद्रा अपरिवर्तनीयताले गर्दा मुद्राको प्रयोग र ऋण तिर्न समस्या खडा हुने हुनाले सरोकारवालाबीचको समझदारी टुट्न सक्छ । बहुपक्षीय प्रभावको रूपमा सम्बन्धित व्यक्ति वित्तीय निर्णय लिन हिच्किचाउने हुनाले यसबाट लगानी घट्नुका साथै आर्थिक वृद्धिमा नकारात्मक प्रभाव पर्न सक्छ । त्यसैले विश्वव्यापी घटनाहरूको बारेमा सचेतना हुन आवश्यक छ ।

कतिपय अन्तर्राष्ट्रिय घटना र विदेशी राष्ट्रले लिएका आन्तरिक नीतिगत निर्णयको प्रभाव अन्य मुलुकको स्थानीय अर्थसामाजिक स्तरमासमेत पर्ने गर्दछ । जस्तैः रूस-युक्रेन युद्धको प्रभाव विश्वव्यापी आपूर्तिमा र अर्थ-राजनीतिमा पर्न गयो । हामीले एउटै मुलुकसँग मात्र भर नपरी आपूर्ति संयन्त्रलाई विविधीकरण गर्न सकेमा अर्थतन्त्रमा पर्नसक्ने क्षतिबाट धेरै हदसम्म सुरक्षित रहन सकिन्छ । हालै अमेरिकाले गरेको ट्राभल एडभाइजरीको निर्णयले पार्न सक्ने असरको विश्लेषण गरी यसलाई सहजीकरण गर्न सरकारले बिलम्ब गर्नु हुन्न । अर्थशास्त्री किन्सले 'इन द लङ रन एभ्री वन इज डेड' (कालान्तरमा सबैको मृत्यु हुन्छ) भनेजस्तै राजनीतिक नेतृत्वले अब तात्कालिक, देख्न र भोग्न सकिने प्रभावउन्मुख नीति आइराखेको छ भन्ने कुरामा जनतालाई विश्वास दिलाउनु पर्दछ । *रासस*

*(लेखक पूर्वराजदूत तथा वरिष्ठ अर्थशास्त्री हुन्)*

## मननयोग्य

### चाणक्य नीति

चाणक्यको यो गर्जनाले ती पण्डितहरूको क्रोधाग्नि एकदम शान्त भयो । कोही पनि चाणक्यसँग तर्क गर्न अग्रसर देखिएनन् । राज्यसभामा विचित्र सुनसान भयो, यस्तो आभास हुन्थ्यो प्रत्येक व्यक्ति आ-आफ्ना कर्मसँग परिचित छन् । यदि चाणक्यले राज्यसभामा पोल खोले भने त सबै प्रतिष्ठा खत्तम हुन्छ ।

चाणक्यले धेरै समयसम्म सबैलाई चुप देखेर गर्जदै एकपटक पुन: भने-'के अरू सोध्न केही बाँकी छ कसैको ?'

सबै पण्डितले मुखामुख गर्दै भने-'छैन महामात्य ! हामीले सोच्यौं । मगधको सुखसमृद्धिका निम्ति भारत वर्ष र युनान एक हुनुपर्दछ ।' चाणक्य बुझ्दथे यही हुन्छ । उनी मनमनै खुसीको हाँसो हाँसे र भने- 'यो संसारमा सीधा औंलाले घ्यू निस्कँदैन ।

यसरी जुन पण्डितले विवाहको विरोध गरेका थिए, तिनै ब्राह्मणद्वारा मन्त्रोच्चारण गराई विधिपूर्वक चन्द्रगुप्त र युनानी राजकुमारीको विवाह सम्पन्न गराइयो ।

चाणक्यको यस दूरदर्शिताका कारण डरलाग्दो युद्धको विभीषिका समूल नष्ट भयो । उनले एउटा यस्तो शान्तिसूत्रको स्थापना गरे जसबाट जो राष्ट्र दुवै शत्रु थिए कहिल्यै नटुट्ने एक प्रेमबन्धनमा बाँधिए ।

चाणक्यको यस दूरदर्शिताका कारण डरलाग्दो युद्धको विभीषिका समूल नष्ट भयो । उनले एउटा यस्तो शान्तिसूत्रको स्थापना गरे जसबाट जो राष्ट्र दुवै शत्रु थिए कहिल्यै नटुट्ने एक प्रेमबन्धनमा बाँधिए ।

समयको रथचक्र आफ्नो गतिले चलिरहेथ्यो । राक्षस पनि प्रतिशोध र अन्तर्ज्वालाले केही न केही उपद्रो गर्न सोच्दैरहे, तर चाणक्यका बुद्धि र कुटनीतिका अगाडि उनका कुनै पनि योजना सफल हुन पाएनन् । सायद यो नै अन्तिम कुचक्र थियो । जो चाणक्यले पहिले नै थाहा पाएका थिए । चाणक्य र चन्द्रगुप्तमा केही गोप्य सल्लाह भयो । त्यसको केही समयपछि चन्द्रगुप्तले आफ्नो विजय र विवाहको उपलक्ष्यमा एउटा राष्ट्रिय समरोहको घोषणा गरे ।

समरोहको दिन नजिक आउन लाग्यो तर नगरमा समारोह हुने केही लक्षण नदेख चन्द्रगुप्त रिसाए । उनले तुरुन्तै एक मन्त्री बोलाई यसको कारण सोधे । मन्त्रीले डराउँदै भने-'गुरुदेव चाणक्यबाट यो समारोहको आयोजना नगराउने आदेश भयो ।' क्रमश :




# चौरासीमा वैतरणी

पुसको हुस्सुले तीन फिट परको पनि देख्न सकिएको छैन । वरिपरि अग्ला डाँडाबाट ओरालो लाग्दै गरेको हुस्सु अनि शीतका थोपाले शिरका कपाल निथ्रुक्कै भइसकेको छ । पारिपट्टि रहेको वैतरणीधाम, वारी विचरा म कसरी होला काम । जान सकिएला ! हजुरबाउको सात पुस्तालाई तार्ने अनि मेरा सात पुस्तालाई परदेशमा नै प्रशस्तै पार्ने हुटहुटीले पो आको नि ।

अस्ति भर्खरै पूर्व-पश्चिम रेल कुदेजस्तै गरी चौरासी-चौरासी भन्दै लावा लस्कर लाउने सूर्यवादी, र गफैले चौरासी देखाइदिन्छु भन्ने अर्का घण्टीवादीको हैकमले खासै काम लाग्ने देखिएन ।

त्यही चौरासी गर्नलाई होला अहिले हारेकाहरूले हराउनेहरूलाई कुरीऽ कुरीऽ देखाइदिएका छन् । हजुरबाले परलोक जाने बेलामा बालाई केही भन्न भ्याउनु भएन रे ? त्यही भएर काकाहरू अहिले गोमन साँपजस्तै चौरासीमा उभिएका छन् अरे ।

त्यो पनि ठीकै हो । वैतरणीका लागि चौरासी त चाहियो नै । एकासी, बयासी, त्रियासी यस्तै हो चौरासीमा देखाइदिने हो । वैतरणी गर्न त्यत्ति कहाँ सजिलो छ र ? गाईको पुच्छर समाएरै वैतरणी गराउने हो । वैतरणी गर्नका लागि पनि 'गोदान' त चाहियो । त्यो 'गोदान' का लागि चौरासीसम्म योगदान त गर्नु पऱ्यो नि । त्यही भएर हो चौरासी-चौरासी भन्दै वुर्कुसी लगाउनुपरेको ।

हजुरबाको पालामा पाँच काका चौतारामा बसेर वैतरणी तार्न भन्दै जे भन्यो त्यही नै हुन्थ्यो । अहिले नातीका पालामा सिंहदरबारमा पाँच 'डाँका' बसेर बोलेपछि चौरासीमा वैतरणी तार्नुपर्ने भएको छ । ठीकै हो । फरक त के नै पो भो र ? ऊ बेला कटवाल लगाउँथे अहिले जुकरबर्ग लगाउँछन् । कहिले सासूको पालो कहिले बुहारीको पालो भनेजस्तै हो ।

ऊ बेला लौरो समाएर गरेको योगदानले पजेरो प्राडो हुँदै अहिले इभीसम्म आइपुग्या छ । आखिर वैतरणी घाटमा पुग्न त मलामी चाहिले होला ? इलामतिरका काकाले मलामीकै लागि छोराछारी कुर्नु परो । त्यही भएर होला । अहिले हरूवाचरुवाहरूले हिँडाएरै भए पनि छोराछोरीलाई उतै पठाएर अहिले यता देश बनाउने डिङ हाँकिरहेका छन् । अहिले त त्यही मलामी पनि नपाइने भो क्यार भनेर पो चौरासीको सुगा रटाइँ छ भन्छन् राताघरे काका ।

विचरा राताघरे काकाको पनि के कुरा गर्नु कम्ता भिडेका हैनन र ? तर के गर्नु 'आच्छु खाएँ बाच्छु खाएँ झुसे बारुला' भनेजस्तै भो । वैतरणी न त तार्न सके न त तर्न सक्ने देखिएको छ ।

वैतरणी तार्न पनि निकै गाह्रो पो छ । कृष्णप्रसादहरूलाई फेरि प्राडो चढाउन मन छ । हारेकाहरूले हराउनेहरूलाई हक लगाउन निकै मन भएरै होला हिँडाएर लाखौं खर्चिर छोरा अमरिका पठाउनेलाई पनि सांसद हुन रहर छ । त्यसै चौरासी भनेको हो र !

तर गज्जबको हुने भो के चौरासी साल ! वैतरणी नदीमा तर्न गाईका पुच्छर नसमाई नभएजस्तो, जीवनभर सुप्रिमो भनाउँदाको पुच्छर समातेर हिँडेको भए पनि अन्तिममा उही गाईको पुच्छर समातेर चौरासीमा वैतरणी तर्नुपर्ने अबस्था पो देखियो त चौरासीका जन्मदाताहरूलाई । हुन पनि हो । रात रहे औराख पलाउँछ भन्थे । सत्र सालमा दरबारले नेतालाई निलम्वन गरेको थियो । ०७९ सालमा आइपुग्दा जनताले नै नेता निलम्वन गरिदिएका छन् । बाहरूले 'लेन' छाडेर भिलेन हुन थालेपछि चौरासीको देउसी भटचाउने कामबाहेक अरु त के नै लछारपाटो लाग्ला र !

कटाउने त चौरासीमै । चौरासी कटेका बूढाहरूलाई चौरासीमै कटाउने हो । त्यही चौरासीमै वैतरणी गराउने हो । 'पशुपतिको जात्रा सिद्राको व्यापार' भनेजस्तो । 'मिसन ८४' एक कान दुई कान मैदान भनेजस्तै गरी सुरु गरेको राम्रै हो । अब चौरासीमा सक्ने हो । को सकिने हो घुँडा धसेरै सक्ने हो । एकासी, बसासी त्रियासीमा सच्चिन दिने हो, चौरासीमा सक्काइ नै दिने हो !

वैतरणी तार्नलाई कुनै सभा पनि पस्नु पर्दैन, सभामा जानु पनि पर्दैन । चौतारामा पञ्च भलाद्मी बसेर ऊ बेला डाँडा कटाउँथे । अहिले पाँचतारेमा पञ्च धरापेहरू बसेर मिसन चौरासीमा खरानी बनाउँदै छन् । काइदाको कुरा त यो पो हो त । वैतरणी तार्नका लागि झापाको गाईलाई झापाकै सिलौटोमा राखेर कुटीकुटी धाम तार्ने हो चौरासीमा । अब हरूवा चरुवा भन्ने शब्द नै लोपोन्मुख भइसक्यो छ । पापको पोको बगाउनका लागि पनि चौरासीमा नै तार्ने हो । साहिला लामाको पसलमा मासु भात ख्वाएर किनेका भोटलाई, बबरमहलतिरको रातो घरको छतमा बसेर रक्तचन्दन लगाउने सुनको पानी छर्कनेलाई पनि सभामै लगेर चौरासी गर्ने हो ।

चौरासी नै गरिसकेपछि त केको आशा ? घण्टा बजाउने हो, घण्टी-घण्टी स्वाहा भन्ने हो । सूर्यवादीलाई, रुखको छहारीको हरियो पात गाईलाई खुवाएर वैतरणी धाममा पुच्छर समाएर भएन तार्ने नै हो । अब त अति भो ।

चप्पल फटफटाउने साइदुवाँले सिंहदरबारमा गर्जेर हुने भइदिएको भए चौरासीको चण्डीपाठ किन गर्नुपर्थ्यो र ? त्यसै हाम्रा हजुरबाले भनेका हुन् र 'दुई जोइको पोइ कुनामा बसी रोइ' भनेर । पढेरभन्दा परेर जानिन्छ । परेरभन्दा गरेर जानिन्छ भन्ने कुरा त राताघरे काकाले ऊ बेलामा नै भनेका हुन् नि । अहिले हजुरबाको चौरासी गर्न खोजेर हुन्छ र ? अब हजुरबाको मात्र किन नातीलाई पनि चौरासी नै गर्दिनु पर्ने बेला भाको छ । वैतरणी त यिनीहरूलाई पनि तार्नु छ ।

रोग, भोक र शोकमा रहेका प्रजालाई गिजोलेर तिनका रगत र पसिनाको करमा डर नमानी तर मार्ने साइदुवाँहरूलाई चौरासीमा नै वैतरणी तार्ने हो । एकद्वार प्रणाली अवलम्बन गर्ने हो नाती पुस्ताले हजुरबा पुस्तालाई चौरासीमा नै गाईको पुच्छर समाएर वैतरणी तराउने हो । सदा-सदाका लागि वैतरणी तराउने हो । प्रजा रैती हैनन् मालिक हुन् वैतरणी तराएर छाड्छन् भन्ने पुष्टि गराउने नै हो ।

*सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः*
*सर्वे भद्राणी पश्यन्तुः मा कश्चित दुःख भाग्भवेत :*
*ऊँ शान्ति शान्ति शान्ति ।*

# भारतबाट फर्किएकामा कोरोना संक्रमण

**बेदकोट (कञ्चनपुर)–** भारतका विभिन्न सहरबाट घर फर्किएका नेपालीमा कोरोना संक्रमण देखिन थालेको छ । भारतमा नयाँ भेरियन्ट 'जेएन वान' देखिन थालेपछि नेपाल-भारत सीमा नाकामा कोरोना परीक्षण अनीवार्य गरिएको छ ।

स्वास्थ्य कार्यालय कञ्चनपुरका औलो निरीक्षक सिद्धराज भट्टले भारतबाट फर्किनेमा कोरोना संक्रमण देखापरिरहेको बताए । उनले भने, 'नाकामा राखिएका हेल्थ डेस्कमा भारतबाट फर्किनेमा कोरोना परीक्षण गरिरहेका छौं ।' उनका अनुसार गड्डाचौकी नाकामा भइरहेको परीक्षणमा अहिलेसम्म कसैमा संक्रमण पुष्टि भएको छैन । गौरीफन्टा नाका भएर भारतबाट फर्किनेमा कोरोना संक्रमण देखापरेको छ ।

हालसम्म भारतबाट फर्किएका १० जनामा कोरोना संक्रमण देखिएको गौरीफन्टा नाकामा रहेको हेल्थ डेस्कका प्रमुख गणेश साउदले जानकारी दिए । 'भारतबाट आउनेहरूमा कोरोना संक्रमण छ/छैन जाँच्न एन्टिजेन परीक्षण गरिरहेका छौं,' उनले भने, 'अहिलेसम्म १० जनामा एन्टिजेन पोजेटिभ देखिएको छ ।'

हेल्थ डेस्कका प्रमुख साउदका अनुसार कोरोना संक्रमण देखिनेमा अधिकांश भारतको बैंगलोर, चेन्नाइ, दिल्ली, हैदरावादलगायत सहरबाट नेपाल फर्किनेहरू छन् । कोरोना संक्रमितलाई घरमै एकान्तबास (होम आइसोलेसन)मा बस्न सुझाव दिइएको उनले बताए ।

गौरीफन्टा नाका भएर भारतका विभिन्न स्थानबाट दैनिक ३०० को हाराहारीमा मानिस घर फर्किरहेका छन् । कोरोनाको 'भेरियन्ट' पहिचानका लागि नमूना संकलन गरेर काठमाडौं पठाइएको साउदले बताए । 'भेरियन्ट यकीन गर्न नौ जनाको नमूना काठमाडौं पठाएका छौं,' उनले भने, 'दुई साता भइसक्यो, आजसम्म त्यसको 'रिपोर्ट' आएको छैन ।' *रासस*

# चिसोले एक साताका लागि विद्यालय बन्द

**वीरगञ्ज (पर्सा)–** विगत केही दिनदेखि बढेको अत्यधिक चिसोका कारण वीरगञ्ज महानगरपालिकाको आग्रहमा सोमबारदेखि एक साताका लागि विद्यालय बन्द गरिएको छ । हुस्सु र शीतलहरका कारण बालबालिकालाई पठनपाठनमा समस्या भएकाले महानगरपालिकाले सोमबारदेखि माघ १ गतेसम्म महागरभित्रको सामुदायिक तथा संस्थागत विद्यालयमा बिदा दिन लागाएको हो ।

महानगरपालिकाको शिक्षा समितिको आइतबार बसेको बैठकले पुस २३ गतेदेखि माघ १ गतेसम्म महानगरका सबै सामुदायिक तथा संस्थागत विद्यालयमा बिदा दिने निर्णय गरिएको शिक्षा अधिकृत हरि राउतले जानकारी दिए । कतिपय संस्थागत विद्यालयमा परीक्षा सञ्चालन भइरहेकाले त्यस्ता विद्यालयलाई परीक्षा सकिएपछि बिदा दिने निर्णय भएको उनको भनाइ थियो ।

यसैबीच एक्कासि बढेको शीतलहर र चिसोका कारण पर्साको जनजीवनमा असर पर्नाका साथै अस्पतालमा बिरामीको चाप बढेको छ । बाक्लो हुस्सु र चिसो हावाका कारण रुघाखोकी, ज्वरो, श्वासप्रश्वास र हाडजोर्नीका बिरामी अस्पतालमा बढेका छन् । वीरगञ्जस्थित नारायणी अस्पताल तथा ग्रामीण भेगका सरकारी स्वास्थ्य संस्थामा अहिले बिरामीको चाप निक्कै बढेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । दूधे बालकदेखि ६० वर्षसम्मका वृद्धवृद्धा रुघाखोकी, ज्वरो, श्वासप्रश्वास, निमोनियालगायतको प्रकोपबाट पीडित भएका छन् । चिसो बढेकाले सदरमुकाम र जिल्लाका अन्य बजार क्षेत्रमा चहलपहल र आवागमन पातलिएको छ भने सरकारी कार्यालयमासमेत सेवाग्राहीको चाप घटेको छ । *रासस*

# कैलाली-कञ्चनपुरमा चिसो बढ्दा जनजीवन प्रभावित

**कञ्चनपुर–** कैलाली-कञ्चनपुरमा हुस्सु र कुहिरोका कारण निकै चिसो बढेपछि जनजीवन प्रभावित भएको छ । बिहानदेखि दिउसो १२ बजेको समयसम्म हुस्सु र कुहिरो लाग्ने गरेकाले दुई सातादेखि यहाँको जनजीवन चिसोका कारण प्रभावित भएको हो ।

कुहिरो र हुस्सुकै कारण बजार क्षेत्रका पसल ढिलोगरी खुल्न थालेका छन् । बजार क्षेत्रमा बिहानीको समयमा हुने चहलपहलको कार्यमासमेत कमी आएको छ। हुस्सु र कुहिरोकै कारण सडक क्षेत्रमा 'भिजिविलिटी' कम हुँदा सडक दुर्घटना हुने सम्भावना बढ्दै गएको छ ।

'सडकमा पाँच मिटर परसम्म पनि बिहानीको समयमा कुहिरो र हुस्सुका कारण देख्न सकिने अवस्था हुँदैन,' ट्र्याक्टर चालक मानबहादुर डगौराले भने, 'त्यही भएर बिहानै बालुवा बोक्न महाकालीतर्फ जान्थ्यौं, हाल ढिलोगरी जाने गरेका छौं, चिसो पनि त्यतिकै छ ।' पूर्वपश्चिम राजमार्गमा चल्ने यात्रुबाहक सवारीसाधन चालकले पनि हुस्सु र कुहिरोकै कारण निकै सावधानीपूर्वक सवारीसाधन चलाउनुपर्ने अवस्था रहेको छ ।

विद्यालय जाने बालबालिका, बूढापाका, दीर्घरोगी, मजदुर, गन्तव्यमा जाने यात्रु चिसोबाट बढी प्रभावित भएका छन्। बिहानी कक्षामा पुग्ने विद्यार्थी चिसोका कारण कठ्यांग्रिने समस्या हुन थालेपछि केही विद्यालयले ढिलोगरी कक्षा सञ्चालन गर्न थालेका छन् । विद्यालयमै आगो ताप्ने व्यवस्था गरिएको छ ।

चिसोका कारण बालबालिकामा निमोनिया, रुघाखोकी र वृद्धवृद्धामा श्वासप्रश्वासको समस्या लिएर आउने बिरामीको संख्या दिन प्रतिदिन बढ्दोरूपमा रहेको दीपनगर आधारभूत स्वास्थ्यचौकीका प्रमुख कृष्णराज जोशीले बताए ।

उनले शीतलहरबाट जोगिनका लागि घरबाहिर निस्कँदा शरीरभरि न्यानो हुनेगरी बाक्लो कपडा लगाउने, जुत्तासँगै बाक्लो मोजा लगाउने, तातोपानीलगायतको तरल पदार्थ बढी खानुपर्ने उनको सुझाव छ । ओढ्ने बिछ्याउने न्यानो कपडाको अभाव हुँदा जिल्लाका विभिन्न शिविरमा बस्दै आएका भूमिहीन परिवारले चिसोमै रात कटाउने गरेको दुखेसो गरेका छन् ।

वनहरा शिविरमा बस्दै आएका मानध्वज लुहारले झोपडीको छाना बनाउन राखिएको प्लास्टिकको त्रिपालभित्रबाट शीतका थोपा चुहिने गरेकाले कपडा भिज्दा कठ्यांग्रिँदो चिसोमै रात कटाउनुपर्ने बाध्यता भएको बताए । सामुदायिक वनबाट दाउरा ल्याउन नसक्दा झुपडीमा रातभरि आगो बालेर न्यानो गर्न नपाइएको उनको भनाइ छ ।

'चिसोका कारण बिरामी पर्न थालेपछि शिविरका अधिकांशले मजदुरी गर्न जान नसक्दा भोकभोकै बस्नुपर्ने अवस्था सिर्जना भएको छ,' उनले भने, 'चिसोले शरीरमा न्यानो गर्ने कपडाको जोहो मिलाउन सकेका छैनौं, त्यही भएर मजदुरी गर्न जानै सकिएको छैन ।' कैलाली र कञ्चनपुरमा एक हप्ताअघिदेखि बिहानी पख र साँझपख निकै चिसो बढेको छ । रासस

# एघार करोड खर्चेर चैनपुरमा खानेपानी

**भोजपुर (प्रस)–** संखुवासभाको चैनपुर नगरपालिका-११ मा ११ करोड ११ लाख रूपैयाँ खर्चेर सवाखोला लोहाकोट विजुवापानी सामुदायिक लिफ्ट आयोजना निर्माण गरिएको छ। उक्त आयोजनाबाट ११८ परिवार लाभान्वित भएका छन् ।

गत असारमा आएको बाढीले आयोजनामा क्षति पुऱ्याएको थियो । मर्मतपछि आयोजना पुनःसञ्चालनमा आएको हो। बाढीले आयोजनाको मुहानस्थल बगाएको थियो । मुहान बथाएपछि यहाँका ३१८ परिवार पानीको समस्या भोग्दै आएका थिए । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय भोजपुरले मुहानस्थल पुनः निर्माण गरेको हो । आयोजनाका अध्यक्ष उद्धवराज त्रितालका अनुसार अहिले स्थानीयको घरमा पाइप जडान गरिएको छ ।

'केही दिनभित्र सबैको घरमा खानेपानी उपलब्ध हुन्छ,' उनले भने । बाढीले आयोजनामा क्षति पुगेपछि स्थानीयले खानेपानीका लागि सास्ती बेहोर्दै आएका थिए । झण्डै पाँच महिनापछि यहाँका बासिन्दाले खानेपानीको सुविधा उपभोग गर्न पाएका हुन् ।

'आयोजनाको काम सम्पन्न भइसकेको छ, चाँडै उपभोक्ता समितिलाई हस्तान्तरण गर्छौं,' डिभिजन कार्यालय भोजपुरका प्रमुख देवनाथ सिंहले भने । आर्थिक वर्ष २०७५/७६ मा आयोजना निर्माण कार्य अघि बढेको थियो ।


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PECCA LEATHER SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२३ | LT. No. 267670 | चलानी नं. ६०१८३६७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 8 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TEGAS SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मितिः २०८०/०९/२३ | LT. No. 279108 | चलानी नं. ६०१९६९८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 11 | 0 | 1500 | ४२,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २ गते (16th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT. LTD**

श्रम इजाजत नं. ६८४/०६३/०६४

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977

E-mail: amconoverseas123@gmail.com


## Invitation for Bids

## Dhangadhi Sub-Metropolitan City

## Office of the Municipal Executive

**Dhangadhi, Kailali**

## INVITATION FOR THE BIDS

***Date of Publication: 9 Jan 2023 (2080/09/24 B.S.)***

1. Dhangadhi Sub-Metropolitan City, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the supply/works mentioned below under National Competitive Bidding.

| S. N. | Contract Identification Number | Description of Work | Estimate Amount (Ex. VAT) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 61/DSMC/ 2080/081 | Fabrication and Supply of Tree Guard at DSMC | - | 1,22,000/- | 3,000/- | Hard Copy Not Acceptable |
| 2 | 62/DSMC/ 2080/081 | Wall Painting Works (Cultural, Heritage, Tourism Poster) at Various Place of DSMC | 44,24,700.00 | 1,11,000/- | 3,000/- | |
| 3 | 63/DSMC/ 2080/81 | Construction of Fencing Work and Hall Maintenance Works at Ward No. 13 DSMC | 18,07,739.02 | 46,000/- | 3,000/- | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Email: ***dhangadhimun2013@gmail.com***, Phone no. ***+977-091-525506*** or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp.***

***Chief Administrative Officer***


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOBILE SUPPORT CONTRACTING COMPANY LTD.

पुर्व स्वीकृति मिति २०८०/०९/२२ | LT. No. 297775 | चलानी नं. ६०२१२७६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 10 | 0 | 1000 | ३५,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MAS FACTORY FORPLASTIC INDUSTRIES

पुर्व स्वीकृति मिति २०८०/०९/२२ | LT. No. 297774 | चलानी नं. ६०२१२७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MECHANICAL MAINTENANCE TECHNICIAN | 4 | 0 | 1500 | ५३१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २ गते (16th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रू. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALFAREEQ ALNADER TECHNICAL SERVICES

पुर्व स्वीकृति मिति २०८०/०९/२२ | LT No.297580 | चलानी नं. ६०२१२६७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 50 | 0 | 1200 | ४३,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : DREAM BRIDGE TECH CONTRACTING

पुर्व स्वीकृति मिति २०८०/०९/२२ | LT No.297576 | चलानी नं. ६०२१२६७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 15 | 0 | 1200 | ४३,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २ गते (16th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUN AND COMPANY PVT. LTD.**

श्रम इजाजत नं. १६४/०५६/०५७

GPO Box: 4302, Dhumbarahi, Kathmandu, Nepal Tel : +997-1-4375649, 4376170

Mobile: 9806817311, 9845466237, E-Mail : sun@mail.com.np, bigyan48@yahoo.com

Website : www.sunandcom.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IDEAL DEALING INSTITUTION FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति २०८०/०८/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/२३ | LT. No. 295716 | चलानी नं. ६०२१०७४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 8 | 0 | 1000 | ३५,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २ गते (16th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**

श्रम इजाजत नं. १३१८/७४/७५

Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536

Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALIVAR CLEANING SERVICES - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति २०८०/०९/२२ | LT No.297761 | चलानी नं. : ६०२१२७७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 3 | 1000 | ३६,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २ गते (16th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.**

श्रम इजाजत नं. १५४८/०७८/०७९

Old Baneshwor, Kathmandu, Nepal.

Contact no.:+977-01-5910894, Email: hrnepalservices@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEIT AL NAZEEM MASSAGE CENTRE

पूर्व स्वीकृति मिति २०८०/०९/२२ | LT. No. 297726 | चलानी नं. ६०२१२७५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 4 | 0 | 2000 | ७०,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL-NAJM AL-THAQIB CONTRACTING CO.

पूर्व स्वीकृति मिति २०८०/०९/२२ | LT. No. 297727 | चलानी नं. ६०२१२७५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crane Worker | 2 | 0 | 1200 | ४२,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,७३० | | | | | | | |
| 3 | Scaffolding Erector | 10 | 0 | 1500 | ५३,११० | | | | | | | |
| 4 | Ship Mecanic | 2 | 0 | 1800 | ६३,७३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० माघ २ गते (16th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले | सेवा शुल्कः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**

श्रम इजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492

Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

# प्रभाव दैनिक





## 'मनसरा'को छायांकन सुरू

उपेन्द्र सुब्बाको निर्देशन रहने फिल्म 'मनसरा'को छायांकन सुरू भएको छ । सोमबार ललितपुरको नख्खुबाट फिल्मको छायांकन सुरू भएको हो । फिल्मको पहिलो दृश्य कलाकार मिरूना मगर र प्रवीण खतिवडाले दिएका छन् । दयाहाङ राई र मिरूना मगरको मुख्य भूमिका रहने फिल्म सोसल ड्रामा निर्माण हुन लागेको हो । फिल्म ललितपुर र पाँचथरमा छायांकन हुनेछ । दुई साताअघि पोस्टर सार्वजनिक गर्दै निर्देशक सुब्बाले फिल्मको प्रदर्शन मिति नयाँ वर्षको वैशाख २१ गतेलाई तय गरेका थिए । 'मनसरा'मा मेनुका प्रधानको पनि अभिनय रहनेछ । शैलेन्द्रध्वज फिल्मका निर्माता हुन् । कबड्डी फिल्मस्को ब्यानरमा 'मनसरा' निर्माण हुन लागेको हो । यो फिल्मलाई एप्पल इन्टरटेनमेन्टले वितरण गर्नेछ भने डिजिटल पार्टनरको रूपमा जी-२१ प्रोडक्सन छ ।




मंगलबार २४, पुस २०८० (Tuesday, January 9, 2024)


# 'ड्रेस टु इम्प्रेस सिजन-९' मा चार विजेता



■ प्रभाव संवाददाता

**काठमाडौं–** फेसन डिजाइरहरूको प्रतिस्पर्धा 'ड्रेस टु इम्प्रेस सिजन-९' मा ४ विजेता छानिएका छन् । प्रतिस्पर्धामा राखिएको 'लुक आइ क्यान फ्लाई', 'तक्स एण्ड तिआरा', 'एक्स्कुइजित कर्प्स', 'मेतालिक एण्ड इथ्लेजर' चार थिम अनुसार चार विजेता छानिएका हुन् ।

काठमाडौंको कमलादीस्थित प्रज्ञा प्रतिष्ठानमा शनिबार अबेर सम्पन्न प्रतियोगीतामा 'लुक आइ क्यान फ्लाई' तर्फ माया गुरुङ विजेता बन्दा 'तक्स एण्ड तिआरा' तर्फ फर्जाना खातुन विजेता भइन् । त्यस्तै 'एक्स्कुइजित कर्प्स' र 'मेतालिक एण्ड इथ्लेजर' तर्फ क्रमश प्रिया घिमिरे र एन्जोली महर्जन विजेता बन्न सफल रहे । कार्यक्रममा एन्जोलीले बेष्ट डिसिप्लेन अवार्ड समेत हात पारिन् । विजेता सबैले नगद सहित बिभिन्न गिफ्ट ह्याम्पर प्राप्त गरे । विजेतालाई प्रतिनिधि सभा सदस्य डा. आरजु राणा देउवाले पुरस्कार प्रदान गरिन् ।

आईआईएफटी स्कुल अफ इन्टेरियर डिजाइनमा ६ महिने कोर्ष पूरा गरेका डिजाइनरबीच भएको प्रतिस्पर्धामा 'ड्रेस टु इम्प्रेस सिजन-९'मा १०७ डिजाइनिङका विद्यार्थीले सहभागी थिए । कार्यक्रममा आईआईएफटीका १२८ बिद्यार्थीको पासआउट ग्राजुयट सेरोमनी पनि भएको थियो ।

डिजाइनरका विद्यार्थीबीच हुने 'ड्रेस टु इम्प्रेस'मा सदाझैँ यस पटकमा पनि समूहगत प्रतिस्र्धा भएको थियो । डिजाइनिङ कम्बिनेशन गर्न आईआईएफटीले 'ड्रेस टु इम्प्रेस' आयोजना गर्दै आएको हो । जसमा डिजाइनर आफैंले तयार पारेको पहिरनमा प्रस्तुत हुने गरेको छन् ।

प्रतिनिधि सभा सदस्य डा. आरजु राणा देउवा प्रमुख अतिथि रहेको 'ड्रेस टु इम्प्रेस सिजन-९'मा पुर्व मिस नेपाल उषा खड्गी, फेसन डिजाइनरहरू राजेश ढाक्का, महेश महर्जन, निभा श्रेष्ठ, अंकित वेटिङ, रमिला नेमकुल, पम्फा श्रीश लगायत निर्णायक रहेका थिए । 'ड्रेस टु इम्प्रेस' आईआईएफटीको नियमित कार्यक्रम रहेको आईआईएफटीका कार्यकारी निर्देशक विपना थापाले बताइन् । आईआईएफटीका विद्यार्थीको क्षमता अभिबृद्धिका लागि डिजाइनिङ प्रतिस्पर्धा 'ड्रेस टु इम्प्रेस' सुरु गरेको थापाको भनाई छ ।

'ड्रेस टु इम्प्रेस'ले फेसन पारखीलाई फेसनको जानकारी दिनुका साथै पब्लिकमा फेसन क्रेज समेत बढाउने आईआईएफटीका प्रबन्धक निर्देशक फूपु तेन्जिङ शेर्पाले बताए । काठमाडौंको बागबजारस्थित बागबजार प्लाजा, कमलादीस्थित हेरिटेज प्लाजा र ललितपुरको कुमारी पाटीमा रहेको आईआईएफटीले फेसन डिजाइनिङसँग इन्टेरिय कोर्ष अध्यापन गराउँदै आएको छ । अहिलेसम्म आईआईआएफटीबाट सयौंको संख्यामा फेसन डिजाइनर उत्पादन भइसकेको शेर्पाले जानकारी दिए ।


पुस्तक-समीक्षा

# गोरखा भूकम्प र पुनर्निर्माणको नालीबेली

■ प्रभाव संवाददाता

**काठमाडौं–** २०७२ सालमा गएको महाविनासकारी भूकम्पको चर्चा अहिले पनि बेलाबेला उत्तिकै चल्ने गर्छ । भुक्तभोगी पीडितहरूको आफ्नै व्यथा छ, प्रत्यक्ष प्रभावित नहुनेहरूले पनि उक्त भूकम्प बिर्सन सकेका छैनन् । भूकम्पले गर्ने प्रभावको विभिन्न पाटा छन् । तिनैमध्ये एक पाटोको चिरफारसहित छर्लङ्ग पार्ने प्रयत्न एक राष्ट्रसेवकले आफ्नो पुस्तकमार्फत गरेका छन् । भूकम्पपछिको पुनर्निर्माण कार्यमा सरकारी निकायको प्रतिनिधित्व गरी अनेक अनुभव सँगालेका उनी हुन् ई. गणेशराज वस्ती ।

उनै इञ्जिनियर गणेशराज वस्तीको नयाँ कृति 'गोरखा भूकम्प, पुनर्निर्माण र म' प्रकाशनमा आएको छ । 'गोरखा भूकम्प' भनेर समेत चिनिने वि.सं. २०७२ वैशाख १२ मा गएको मध्यनेपालको विनासकारी भूकम्प जाँदादेखि पुनर्निर्माणसम्मका सम्पूर्ण दृश्यलाई सारमा खिच्ने हुटहुटीबाट अभिप्रेरित भइ लेखकले यो पुस्तक लेखेका हुन्; दुई सय पचास पृष्ठको पुस्तक 'गोरखा भूकम्प, पुनर्निर्माण र म' अध्ययन गरिसक्दा सारमा यस्तै लाग्छ ।




प्राविधिक (इन्जिनियरिङ) सिप लगाएर भौतिक संरचनाको निर्माणमा विषयविज्ञता हासिल गरेका र पेशागत रूपले नेपाल सरकारको 'प्रदेश सचिव' (उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश) ओहदामा पसिना बगाइरहेका ई. गणेशराज वस्ती साहित्य सर्जकको रूपमा पनि उत्तिकै परिचित व्यक्तित्व हुन् । खासगरी कविता, गीत र यात्रा-साहित्यमा उनको लगाव देखिन्छ, तथापि साहित्येतर कृति पनि ई. वस्तीका बग्रेल्ती नै प्रकाशित छन् । पछिल्लो चरणमा गीतकारको रूपमा समेत सशक्त ढङ्गले उदाएका उनका फुटकर साहित्य-रचनाहरू विभिन्न पत्रपत्रिकामा सयौंको सङ्ख्यामा प्रकाशित भएका छन् भने हालसम्म प्रकाशित एक दर्जन पुस्तक-कृतिमध्ये ई. वस्तीको यो बाह्रौं कृति हो, जसमा पुस्तकको नामलाई सार्थक तुल्याउँदै बहत्तर सालको विनाशकारी भूकम्पको परिवेशका चित्रहरू शब्दमा उतारिएको छ । 'कम्प, भूकम्प र पराकम्प'बाट शुरु भइ 'अगाडिका दिन' सम्मका एकतिस वटा अलग-अलग उपशीर्षकमा समेटिएका गोरखा भूकम्पसम्बन्धित विषय-बस्तुको चित्रणका आधारमा भन्नुपर्दा पक्कै पनि यस पुस्तकका पाठकहरूमा इमानदार भएर देश निर्माणमा आतुरता देखाउने, त्यस्ता काममा प्रेरित हुने, जोशजाँगर निकाल्ने ओजगुण जाग्ने विश्वास गर्न सकिन्छ ।

भूकम्पपछिको पुनर्निर्माणमा सम्वद्ध विभिन्न निकायमा रही पुनर्निर्माण कार्यमा सरिक रहने अवसर पाएका ई. वस्तीले प्राविधिक विषयबस्तुलाई पनि अत्यन्त सरल-साहित्यको रङ्ग दिएर रसिलो ढङ्गमा भूकम्प र त्यसपछिका यावत परिवेशलाई पस्किदिएका छन् । एक कर्तव्यनिष्ठ सरकारी कर्मचारीको रूपमा विभिन्न कालखण्ड या सन्दर्भविशेषमा स्वयम्ले भोगेका, देखे-बुझेका र अनुभूत गरेका घटना-सन्दर्भहरूलाई पनि साहित्यको लेप लगाएर लेखकले प्रस्तुत गरिदिएका छन् । लेखककै शब्दमा भन्नुपर्दा, लेख्दा न कुस्ती खेल्न खोजिएको छ न त स्तुति गान नै ! सिधा हेर्दा जे देखिएको छ त्यही लेखिएको छ । यथार्थपरक भएर विसङ्गति र बेथितिलाई चिन्ने, टिप्ने र चिरफार गर्ने जमर्को गरिएको छ । सुनौलो भविष्यको पदमार्ग कोर्न लालायित मनोभावको प्रकटीकरण गर्ने प्रयास पनि यस पुस्तकभित्र देख्न सकिन्छ ।

गोरखा भूकम्पबाट भएको विनास र तत्पश्चात् सरकारी तथा गैरसरकारी क्षेत्रबाट गरिएका उद्धार तथा राहत र पुनः निर्माणका प्रयासहरूलाई समेट्दै केही पुस्तकहरू प्रकाशन नभएका होइनन् । तर, गणेशराज वस्तीको यो पुस्तक अलग उचाइ र महत्वको छ । यस पुस्तकले भावी पुस्तालाई बहत्तर सालको विनासकारी भूकम्प र त्यसपछिको पुनर्निर्माणका गतिविधि र उपलब्धि आदिका बारेमा निकै हदसम्म सत्यतथ्य जानकारी त गराउने नै छ, साथसाथै विद्यालय/विश्वविद्यालयका विद्यार्थी, शिक्षार्थी, शोधार्थी र अन्य सरोकारवाला सबैका लागि समेत आ-आफ्ना अध्ययन, अनुसन्धान, अन्वेषण आदिका क्रममा पुस्तकले महत्वपूर्ण सहयोगीको भूमिका निर्वाह गर्नेमा शङ्का गरिरहनै पर्दैन ।

सरल र सादगी स्वभावका ई. गणेशराज वस्ती आफूले पाएका अनेक अवसरहरूलाई तिलाञ्जली दिँदै स्वदेशकै लागि केही गरौं भनी मरिमेट्ने देशप्रेमी राष्ट्रसेवक पनि हुन् भनी पाठक वर्गलाई जानकारी गराउनु यहाँनेर सान्दर्भिक नै हुनेछ । पेशागत कर्मका साथै वैयक्तिक विभिन्न अवसरको सदुपयोग गर्दै मुलुकका सतहत्तर वटै जिल्ला र अमेरिका, जापान, बेलायत, चीन, फ्रान्सलगायत दर्जन सङ्ख्यामा विदेशको समेत भ्रमण गरेर विभिन्न अनुभव, अनुभूति र ज्ञान बटुलेका लेखक/साहित्यकर्मी गणेशराज वस्ती एक अब्बल प्राज्ञिक व्यक्तित्व पनि हुन् । एक विज्ञ प्राविधिक भएर पनि संवेदनशील साहित्य-स्रष्टाको पहिचान स्थापित गरेका ई. वस्तीबाट भविष्यमा अझै महत्वपूर्ण र थप गहकिला कृति सिर्जित हुँदै जाने अपेक्षा र विश्वास गर्न सकिन्छ ।

## रंगशाला

# 'बुद्धिचाल खेललाई व्यावसायिक रूपमा अगाडि बढाउनुपर्छ'



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टंकलाल घिसिङले बुद्धिचालले विश्व खेलकुद वृत्तमै छुट्टै पहिचान बनाउन सफल भइसकेकोले नेपालमा पनि यो खेललाई व्यवसायिक रूपमा अगाडि बढाउन पर्ने कुरामा जोड दिनुपर्ने बताएका छन् ।

सोमबारबाट ललितपुरको च्यासलस्थित तुल्सिलाल प्रतिष्ठान हलमा सुरु भएको छैटौं तुल्सिलाल स्मृति राष्ट्रिय क्लब टिम च्याम्पियनसिप बुद्धिचाल प्रतियोगिताको उद्घाटन समारोहमा बोल्दै घिसिङले नेपालमा बुद्धिचाल खेललाई व्यवसायिक विकासमा जोड दिनुपर्ने बताएका हुन् ।

यस्तै उनले प्रतियोगितालाई आयोजनामा मात्र सीमित गर्नु भन्दा पनि बढी भन्दा बढी खेलाडीलाई प्रतियोगितामा सहभागी गराउन र नेपालमा बुद्धिचाल खेल तथा खेलाडीको स्तर विकासको महत्त्वपूर्ण विषय रहेको बताएका छन् । प्रतियोगिता उद्घाटन समारोहका प्रमुख अतिथि समेत रहेका घिसिङले बुद्धिचाल खेलको विकासमा सक्रिय रूपमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्दै आएको नेपाल बुद्धिचाल महासंघलाई राखेपले सहयोग गर्दै आएको र आगामी दिनमा पनि यो कार्यलाई निरन्तरता दिने बताए ।

नेपाल कम्युनिस्ट पार्टीका तत्कालीन महासचिव स्वर्गीय तुल्सिलाल अमात्यको स्मृतिमा ललितपुर स्पोर्ट्स क्लब र नेपाल बुद्धिचाल महासंघको संयुक्त आयोजना सोमबारदेखि सुरु भएको प्रतियोगिता पुस २८ गतेसम्म चल्ने छ । लिग कम नकआउट आधारमा सुरु भएको प्रतियोगिताका खेलहरू गत वर्षहरूमा भन्दा फरक शैलीमा खेलाइँदै छ । यस पटकको प्रतियोगितामा प्रत्येक टिममा वैकल्पिकसहित ५ जना खेलाडीहरूको सहभागिता रहेको छ । जस अनुसार प्रतियोगिता संरचनामा खेलाडीहरूलाई ए, बी, सी र डी गरी चार समूह वर्गीकरण गरिएको छ ।

जसअन्तर्गत समूह ए मा टाइटल प्राप्त खेलाडी, पूर्व नेपाल च्याम्पियन, राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट दश स्थान प्राप्त खेलाडी तथा १९०० रेटिङ माथिका खेलाडी रहेका छन्। समूह बी मा १९०० रेटिङ मुनिका खेलाडीहरू, समूह सी मा अण्डर २० र समूह डी मा अण्डर १६ वा महिला खेलाडी रहेका छन्। वैकल्पिकमा जुन समूहको खेलाडी हो त्यही समूहबाट प्रतिस्पर्धा गर्न पाउने छन् ।

प्रतियोगितामा डिफेन्डिङ च्याम्पियन थापाथली चेस पार्क क्लब, ललितपुर स्पोर्ट्स क्लब, गोल्डेन गेट क्लब, लुम्बिनी इभेन्ट मेनेज्मेन्ट टिम, सुदूरपश्चिम खेलकुद विकास परिषद्, दोलखा चेस होम, दोलखा बुद्धिचाल संघ, गण्डकी प्रदेश बुद्धिचाल संघ, कास्की जिल्ला बुद्धिचाल संघ, ललितपुर महानगरपालिका, गोदावरी नगरपालिका, पुलचोक क्याम्पस, ललितपुर जिल्ला बुद्धिचाल संघ गरी २० टिम सहभागी छन् ।

प्रतियोगिताका संयोजक राजु ताम्राकारका अनुसार विजेता टिमले नगद पुरस्कार २ लाख, उपविजेताले १ लाख २० हजार, तेस्रो स्थान प्राप्त गर्ने टिमले ६० हजार र चौथो हुने टिमलाई ४० हजार नगद पुरस्कार प्रदान गरिनेछ । त्यसैगरी प्रत्येक बोर्डमा प्रथम हुने ४ जना खेलाडीहरूलाई जनही १०९१० हजार पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिताको कुल पुरस्कार राशि ४ लाख ७० हजार रहेको छ ।

# क्यानको महाप्रबन्धकमा ढुंगाना नियुक्त



**काठमाडौं (प्रस)–** नेपाल क्रिकेट संघ (क्यान) को जनरल म्यानेजरमा उत्सव ढुंगाना नियुक्त भएका छन् । क्यानले सोमबार एक विज्ञप्ति जारी गर्दै ढुंगानाको नियुक्तिबारे जानकारी दिएको हो । क्यानले यसअघि सूचना जारी गर्दै जनरल म्यानेजर पदका लागि दरखास्त आह्वान गरेको थियो । यसका लागि व्यवस्थापन संकायमा मास्टर्स डिग्री गरेको, कम्तीमा पनि ७ वर्षको नेतृत्वको अनुभव भएको र कर्पोरेट सुशासन र नीतिहरूको अनुभव भएको हुनुपर्ने बताइएको थियो ।

# एपिएफ सेमिफाइनलमा

**काठमाडौं (प्रस)–** विभागीय टोली नेपाल एपीएफ क्लब ३४औं राष्ट्रिय भलिबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । सोमबार भएको खेलमा अर्को विभागीय टोली नेपाल पुलिस क्लबलाई ३-१ सेटले हराउँदै सेमिफाइनलमा स्थान बनाएको हो । पहिलो सेट २५-१७ मा जितेको एपीएफले दोस्रो सेटमा २५-१५ जित निकाल्यो । निकै प्रतिस्पर्धात्मक बनेको खेलको तेस्रो सेटमा पुलिस क्लबले २५-२२ ले आफ्नो पक्षमा पार्यो ।

चौथो सेटमा एपीएफले २५-२० को जित निकाल्दै सेमिफाइनलमा स्थान बनाएको हो । प्रतियोगितामा तीन विभागीय सहित दश टोलीको सहभागिता छ । दश टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । जितसँगै समूह 'ए' मा रहेको एपीएफले ३ खेलबाट ९ अंक जोडेको छ । पराजित पुलिसको ३ खेलबट ६ अंक छ ।

# गण्डकीलाई हराउँदै आर्मी राष्ट्रिय भलिबलको सेमिफाइनलमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** ३४ औं राष्ट्रिय भलिबल प्रतियोगितामा समुह बी अन्तर्गत गण्डकी प्रदेशलाई ३-० को सोझो सेटमा हराउँदै त्रिभुवन आर्मी क्लब सेमिफाइनल प्रवेश गरेको छ । समुह बी मा रहेको आर्मीले लगातार तेस्रो जितसहित सेमिफाइनल यात्रा तय गरेको हो । विरेन्द्रनगर सुर्खेतमा भएको खेलमा आर्मीले गण्डकीमाथि ३१-२९, २५-२१ र २५-२१ को सेटले पराजित गरेको हो । यसअघि आर्मीले सुदूरपश्चिमलाई ३-१ र पहिलो खेलमा कर्णाली प्रदेशलाई ३-० ले पराजित गरेको थियो ।

यसअघिसमुह ए बाट एपीएफले पुलिसमाथि ३-१ को जिसहित सेमिफाइनल यात्रा तय गरेको छ । समुह ए मा दुई विभागीय टिम एपीएफ, नेपाल पुलिस, लुम्बिनी प्रदेश, कोशी प्रदेश र बागमती प्रदेश छन् । समुह बी मा भने त्रिभुवन आर्मी क्लब, गण्डकी प्रदेश, कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश र मधेश प्रदेश छन् । प्रतियोगितामा दुई समुहका शीर्ष २ टोलीले सेमिफाइनल खेल्नेछन् ।

# रोहितको कप्तानीमा भारतीय टिम घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** अफगानिस्तानविरुद्धको ३ खेलको टी-२० सिरिजका लागि भारतीय टोलीको घोषणा भएको छ । टोलीको कप्तान रोहित शर्मा हुनेछन् । उनले पछिल्लो टी-२० विश्वकपपछि पहिलो टी-२० अन्तर्राष्ट्रिय खेल्नेछन् ।

रोहितबाहेक विराट कोहली र शुभमन गिल पनि फर्किएका छन् भने केएल राहुल, श्रेयस अय्यर, रविन्द्र जडेजालाई टिममा स्थान दिइएको छैन । सूर्यकुमार यादव, हार्दिक पाण्ड्या र रुतुराज गायकवाड चोटका कारण बाहिरिएका छन् । जनवरी ११ बाट सुरु हुने यो सिरिज टी-२० विश्वकपको तयारीका लागि महत्त्वपूर्ण छ । जुनमा हुने टी-२० विश्वकप अघि भारतीय टोलीको यो अन्तिम द्विपक्षीय शृंखला हो ।

**भारतीय टिम**

रोहित शर्मा (कप्तान), शुभमन गिल, यशस्वी जैसवाल, विराट कोहली, तिलक वर्मा, रिंकु सिंह, जितेश शर्मा, सञ्जु सैमसन, शिवम दुबे, वाशिंगटन सुन्दर, अक्षर पटेल, रवि बिश्नोई, कुलदीप यादव, अर्शदीप सिंह, आवेश खान र मुकेश कुमार

# बंगलादेशमा आवामी लिगलाई तीन चौथाइ सिट

## हसिना पाँचौंपटक प्रधानमन्त्री बन्ने निश्चित

**ढाका–** बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाको दलले संसद्मा तीन चौथाइ सिट जितेको निर्वाचन अधिकारीहरूले सोमबार बताएका छन् । निर्वाचन आयोगका सहसचिव मोनिरुज्जमान तालुकदरले भने, 'अवामी लिगले आइतबार सम्पन्न निर्वाचन जितेको छ । प्रधानमन्त्री हसिनाको दल आवामी लिगले २२३ सिट जितेको छ । निर्वाचनमा ६१ स्वतन्त्र उम्मेदवार विजयी भएका छन् ।'

विजयी भएका सांसदमध्ये अधिकांश अवामी लिगसँग आबद्ध व्यक्ति भएको केही स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । यो विजयपछि हसिना पाँचौंपटकका लागि पुनः देशको कार्यकारी बन्न पाउने निश्चित भएको छ ।

प्रधानमन्त्री शेख हसिनाको राजीनामा र कामचलाउ सरकारद्वारा निर्वाचन गर्न गरेको विपक्षी दलको मागलाई बेवास्ता गरेको र यस्तो अवस्थामा हुने निर्वाचन स्वतन्त्र तथा निष्पक्ष हुनेमा आशंका गर्दै



पूर्वप्रधानमन्त्री खालिदा जिया नेतृत्वको प्रमुख विपक्षी दल बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी)सहितका केही दलले आइतबारको मतदान बहिष्कार गरेका थिए ।

मुख्य विपक्षी दल बिएनपीसहितका हसिनाको नेतृत्वप्रति असन्तुष्ट केही दलले निर्वाचन बहिष्कार गरेको र निर्वाचनमा रहेका अन्य विपक्षी दलको प्रभाव निकै कम रहेकोले हसिनाको पार्टी र साझेदारहरूले थप सिट पनि जित्ने अनुमान गरिएको छ । बिएनपीले निर्वाचनलाई 'स्वाङ' को संज्ञा दिएको छ। बिएनपीका नेता र समर्थकहरूको व्यापक गिरफ्तारीपछि आइतबार सम्पन्न निर्वाचनको परिणाम आएको छ ।

बंगलादेशको निर्वाचन आयोगले निर्वाचनमा झन्डै ४० प्रतिशत मत खसेको बताएको छ । यद्यपि आलोचकहरूले उक्त संख्या पनि बढाइचढाइ प्रस्तुत गरिएको हुन सक्ने आशंका व्यक्त गरेका छन् ।

सन् २०१८ मा सम्पन्न निर्वाचनमा ८० प्रतिशतभन्दा बढी मतदान भएको थियो । निर्वाचनको सम्पूर्ण परिणाम आइनसकेकोले निर्वाचन परिणामको औपचारिक घोषणा हुन बाँकी नै छ ।

शेख हसिना सन् १९९६ मा पहिलोपटक प्रधानमन्त्री बनेकी थिइन् । त्यसपछि सन् २००९, २०१४ र २०१८ मा भएका निर्वाचनमा उनी प्रधानमन्त्रीका रूपमा क्रमशः दोस्रो, तेस्रो र चौथोपटक निर्वाचित भएकी थिइन् । रासस/एएफपी

# युक्रेनमा रूसी क्षेप्यास्त्र आक्रमण

**किभ (युक्रेन)–** रूसले युक्रेनविरुद्ध क्षेप्यास्त्र आक्रमण गर्दा सोमबार बिहान युक्रेनका दर्जनौं सहरमा विष्फोटको आवाज सुनिएको स्थानीय अधिकारी र सञ्चारमाध्यमले बताएका छन् । युक्रेनको मध्य भागमा रहेको डेनिप्रो र क्राइभी रिह, पूर्वी सहर खार्किभ र दक्षिणी सहर जापोरिजियामा विष्फोट भएको युक्रेनी समाचार निकाय इन्टरफ्याक्सले जनाएको छ ।

पश्चिमी खमेल्निट्स्की क्षेत्रमा हवाई प्रतीरक्षा पनि सक्रिय भएको क्षेत्रीय प्रशासनले टेलिग्राममा जनाएको छ । प्रारम्भिक विवरणअनुसार रूसले युक्रेनमा ११ टियू-९५ बमवर्षक विमान र चार मिग-३१ लडाकू विमानमार्फत आक्रमण गरेको थियो । युक्रेनका सैन्य अधिकारीलाई उद्धृत गर्दै सञ्चार माध्यमले स्थानीय समयअनुसार बिहान ६ बजेदेखि युक्रेनको सम्पूर्ण भागमा हवाई आक्रमणको खतरा रहेको चेतावनी जारी गरिएको जनाएका छन् । *रासस/सिन्ह्वा*

# पाँच दशकपछि अमेरिकी अन्तरिक्ष यान चन्द्रमा यात्रामा

**केप क्यानभेरल (संयुक्त राज्य अमेरिका)–** आधा शताब्दीभन्दा बढी समयपछि चन्द्रमामा अवतरण गर्ने प्रयास गर्ने पहिलो अमेरिकी अन्तरिक्ष यान सोमबार बिहान सफलतापूर्वक प्रक्षेपण गरिएको छ ।

नयाँ रकेट युनाइटेड लन्च एलायन्स (युएलए) को भुल्कान सेन्टौरले फ्लोरिडाको केप क्यानाभेरल स्पेस फोर्स स्टेसनबाट स्थानीय समयअनुसार बिहान २:१८ बजे एस्ट्रोबोटिकको पेरेग्रिन लुनार ल्याण्डरलाई लिएर आफ्नो पहिलो यात्राका लागि उडेको हो ।

करिब ४८ मिनेटपछि विनाकुनै समस्या रकेटबाट ल्यान्डर अलग भएपछि मिसन कन्ट्रोलका कर्मचारीले ताली बजाएर खुसियाली मनाएका थिए । युएलएका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत टोनी ब्रुनोले नासाको प्रत्यक्ष प्रसारणमा प्रक्षेपणको प्रशंसा गरे । उनले भने, 'म निकै रोमाञ्चित छु । यो वर्षौंको कडा परिश्रमको परिणाम हो । यो चन्द्रमामा फर्कने अहिलेसम्मको वास्तवमा नै सुन्दर अभियान भएको छ ।' युएलएका रणनीतिक योजना निर्देशक एरिक मोन्डाले प्रक्षेपणलाई 'एकदम सही' प्रक्षेपणको रूपमा वर्णन गरे ।

यदि सबै कुरा योजनाअनुसार भयो भने पेरेग्रिनले फेब्रुअरी २३ मा चन्द्रमाको मध्य अक्षांश क्षेत्र 'साइनस भिस्कोसिटाटिस' अर्थात् 'बे अफ स्टिकिनेस' मा अवतरण हुने छ । अहिलेसम्म, पृथ्वीको सबैभन्दा नजिकको खगोलीय छिमेकमा सफल अवतरण केवल केही राष्ट्रका अन्तरिक्षसम्बन्धी निकायहरूले मात्र पूरा गरेका छन् । यस अभियानलाई पूर्वसोभियत संघले पहिलोपटक सन् १९६६ मा सम्पन्न गरेको थियो भने त्यसपछि लगत्तै संयुक्त राज्य अमेरिका चन्द्रमामा मानिसहरूलाई अवतरण गराउने मुलुक बनेको थियो ।

पछिल्लो एक दशकमा चीनले तीनपटक सफलतापूर्वक अवतरण गरेको छ भने भारतले गत वर्ष आफ्नो दोस्रो प्रयासमा यो उपलब्धि हासिल गरेको थियो । अब, 'व्यावसायिक पेलोड सर्भिस' (सिएलपीएस) कार्यक्रमअन्तर्गत संयुक्त राज्य अमेरिका व्यावसायिक चन्द्र अर्थव्यवस्थालाई प्रोत्साहित गर्न र लागतको एक अंशमा आफ्नै हार्डवेयरले बनेको यानसहित व्यावसायिक क्षेत्रमा फर्किरहेको छ । *रासस/एएफपी*

# जापान भूकम्प : मृत्यु हुनेको संख्या १६१ पुग्यो

**शिका (जापान)–** जापानमा अंग्रेजी नयाँ वर्षको दिन गएको भूकम्पमा परी मृत्यु हुनेको संख्या १६१ पुगेको छ । दुई हजारभन्दा बढी मानिस अझै पनि सम्पर्कविहीन भएका छन् भने अन्य धेरैलाई आपत्कालीन आश्रयस्थलमा राखिएको छ ।

मध्यइशिकावा क्षेत्रमा ७.५ म्याग्निच्युडको भूकम्पका कारण भवनहरू भत्केको, आगलागी भएको र एक मिटरभन्दा अग्लो सुनामीको छाल आउनुका साथै भूकम्प र यसबाट निम्तिएका दुर्घटनाका कारण मृत्यु हुनेको संख्या १६१ पुगेको छ । अझै १०३ जना हराइरहेका अधिकारीले बताएका छन् ।

सोमबार भूकम्प आएको नोटो प्रायद्वीपका धेरै समुदाय भूकम्पका कारण क्षतिग्रस्त सडकहरूले गर्दा राजमार्ग तथा सडक सञ्जालबाट टाढा हुनुपरेको छ । अनुमानित एक हजार पहिरोहरूमध्ये केहीले सडकमार्गलाई पुरेको वा भत्काएका कारण त्यहाँ सहायताका लागि पठाइएका यातायातका साधनहरू पनि बाटोमा नै अलपत्र बनेका छन् ।

पछिल्लो दुई दिनयता यस क्षेत्रमा हिउँ परेको छ र केही क्षेत्रमा रातभर १० सेन्टिमिटर (चार इन्च)भन्दा बढी पानी परेको छ । सुजु सहरमा भत्किएको घरको भग्नावशेषमुनि ९० वर्षभन्दा बढी उमेरकी एक महिलालाई पाँच दिनपछि शनिबार जीवितै उद्धार गरिएको थियो । *रासस/एएफपी*


## Zero Cost Recruitment in Malaysia
## शुन्य लागत अन्तर्गत रोजगार

यो मागपत्र शुन्य निति अर्न्तगत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरू राहदानी, मेडिकल भिषा शुल्क यातायात खर्च, खाना र बस्न खर्च (भर्ना प्रकृया अवधिको) अभिमुखिकरन बिमा, कल्याणकारी कोष हवाई टिकट,) रोजगारदाताले बहन गर्दछ । This Recruitment is Conducted Under A Zero-Cost Policy. All This Expenses Passport, Medical, Visa Stamping, Transport, Lodging And Food (During Recruitment process), Orientation, Insurance, welfare fund, Air Ticket Including Agency Service Charge Will Be Borne By The Employer.

**NAME OF EMPLOYER: WINTECH METAL PROCESSING SDN. BHD.**
**रोजगारदाता कम्पनी: वेनटीच मेटल प्रोसेसिङ एसडिएन. बिएचडि.**

| पूर्व स्वीकृति मिति : २०८०/०८/०१ Pre Approval Date: 2023-12-17 | चलानी नं.: ६०२१२७८४ Reference No: 60212784 | LOT NO. 296283 | शहर: Malaysia Selangor |
|---|---|---|---|

| सि.नं | Post for Migrating Worker कामदार को पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब QR | Monthly Basic Salary मासिक तलब ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working Hour per Day प्रति दिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक बिदा | Food Facility खाना सुविधा | Accomodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker जेनेरल कामदार | 15 १५ | 0 0 | Proficient in reading/ writing/ speaking/ understanding English with +2 passed [illegible] | 1500 १५०० | 42882 ४२८८२ | As per Malaysian Labour Law मलेसिया श्रम कानुन अनुसार | 7.5 Hrs ७.५ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकल शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | Abroad Medical cost borne by विदेशमागर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवनबिमा कस्ले व्यहोर्ने र कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा बिमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्बन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाता रोजगारदाताले व्यहोर्ने | By Eployer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगार दाताले व्यहोर्ने | By Employer रोजगार दाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

**नोट** : ट्रष्ट नेपाल ओभरसिज प्रा. लि. को माहारजगंज काठमाडौं बाहेक कुनै पनि शाखा कार्यालय वा भर्ति शाखा नभएको जानकारी गराउछौं । यदि कसैले आफु ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. मध्यस्तकर्ता भएको दाबी गरेमा त्यो पुर्णत झुठो भएको सुचित गराउछौं । यस प्रा.लि. बाट वैदेशिक राजगारीमा जाने कामदारहरूले कुनै पनि शुल्क तिर्नु पर्ने छेन तथा तपाईले पाउने तलबबाट कुनै पनि शुलक कटौती गरिने छैन ।
**NOTE :** Trust Nepal Overseas (P) Ltd has no branches or affiliation with any recruitment agencies. If anybody makes a claim posing as a mediators for this agency are completely untrue. The prospective candidates who choose us are not required to pay any recruitment fees. All the expenses associated to recruitment processes will fully be borne by the employer and no money will be deducted from the workers' salary as well.

**Interview Date/Venue : अन्तवार्ताको मिति र स्थान**
**अन्तवार्ता ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को महाराजगञ्ज काठमाडौं अफिस कार्यालयमा २०८०. माघ २ गते हुने छ ।**
**Interview will be conducted at the premises of Trust Nepal Overseas, Maharajgunj Kathmandu on 16 Jan, 2024.**

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारी मूलक सामाग्रीहरु जस्तै पर्चा ब्यानर फलेक्स आदि पूर्ण रूपमा अध्यन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We kindly request you to thoroughly study and comprehend the informative materials such as flyers, banners and flexes prominently displayed at our office premises.
Note: विदा: मलेशियन श्रम कानुन अनुसार. leave: As per Malaysian Labour Law. उमेर: १८ वर्ष भन्दा माथि. Age: Above 18 years old.

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को नाम लिई कुनै व्यक्ति वा सँस्थाले कुनैपनि प्रकारको शंकासपद अवैद कृयाकलाप बाट अनुपयुक्त भर्ति शुल्कको माग गरेमा यस प्रा.लि. को हेल्पलाईन नम्बर ९८०२०२१३६१ वा ईमेल ठेगानमा *tnocomplaint@trustnepal.com* मा सम्पर्क गरी जानकारी दिनुहुन हार्दिक अनुरोध गर्दछौ । तपाई ढुक्क हुनुहोस हामी तपाइको गोपिनियताको उच्च सम्मान गर्दै यसलाई सुरक्षित राख्ने प्रतिवद्धता व्यक्त गर्दछौ र कुनै प्रतिशोधको कारवाही गरीने छैन ।
If any individual or organization attempts to unlawfully demand recruitment fees or engage in suspicious activities with the interviewee by falsely associating themselves with Trust Nepal Overseas, we kindly urge you to contact and report us right away to our helpline number 9802021361 or email us *tnocomplaint@trustnepal.com* Your identity will remain confidential and we will not take any retaliation action.

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (Information provided by the Department of Foreign employment):-**
१. आफ्नो नाममाभिसाप्राप्तभएको सुनिश्चितगर्नुहोस । 1. Confirm that Visa is issued under your name. २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिननियोगको सम्पर्क ठेगाना र फोन नः हरू साथमा राख्नुहोला । आफु कठिनाईमापर्दा सम्पर्क गर्न सजिलो हुन्छ । 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble.३. यस विज्ञापन (सूचना) माउल्लेख भएको सेवा, सुविधा, तलबको बारेमा स्पष्ट हुनुहोस । 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement. ४. विदेशजानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिमअनिवार्य लिनुपर्ने छ । 4. Before going to the abroad you must compulsorily take orientation and induction trainings. ५. विदेश जानु अघि आफु जाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्यशर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रतिआफुसग राख्नुहोला । 5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy. ६. काममाविदेशजादा नेपालकै विमानस्थलप्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । 6. While going abroad you must use International Airport of our country, or else might be deceived. ७. यस विज्ञापन सम्बन्धमाथप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला । 7. If you want know more about this advertisement do contact Department of Foreign Employment, Tahachal.

Trust Nepal Overseas (P.) Ltd.
दर्ता नं.: २७९/०८८/०७९,Govt Lic.No. 259/058/059
We are an eithical and responsible recruitment agency.
हामी एक नैतिक र जिम्मेवार रोजगारी संस्था हौं ।

**ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.**
**Trust Nepal Overseas Pvt. Ltd.**
चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं, नेपाल, Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal
फोन: ४३७७१९०/४३७७१९६ फ्याक्स ९७७ १ ४३७९५८८,
Ph. No. 4377190/4377196, Fax No. 977 1 4379588, Email: info@trustnepal.com
Hotline No. 9802021361

पहिलो आउनेलाई पहिलो प्राथमीकताको नियम अर्न्तगत फारम उपलब्ध गराईने छ ।



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALI SHAWQI BIN SAEED AL RABIE FOR MAINTENANCE AND FINISHING EST.
पूर्व स्वीकृति मिति २०८०/०९/२२ LT. No. 297743 चलानी नं.६०२१२७५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1300 | ४६,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SUBHIA HASSAN BIN ALI AL-TALALWA FOR MAINTENANCE AND FINISHING EST.
पूर्व स्वीकृति मिति २०८०/०९/२२ LT. No. 297741 चलानी नं.६०२१२७५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1300 | ४६,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ ३ गते (17th Jan. 2024) मा हुनेछ ।

कम्पनी : SAUD ABDULAZIZ BIN ABDULLAH AL HAJRAS FOR PROVIDING MEALS EST.
पूर्व स्वीकृति मिति २०८०/०९/२२ LT. No. 297736 चलानी नं.६०२१२७५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labor | 4 | 0 | 1000 | ३५,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २ गते (16th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. 267/058/059
**ARANIKO OVERSEAS PVT. LTD.**
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASSADR HUMAN RESOURCE SERVICE COMPANY
पूर्व स्वीकृति मिति २०८०/०९/२२ LT. No. 297756 चलानी नं. ६०२१२७५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 40 | 0 | 1000 | ३५,४०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Labour | 50 | 0 | 1100 | ३८,९४५ | | | | | | | |
| 3 | Waiter | 10 | 0 | 1400 | ४९,५७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २ गते (16th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०
**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : K4 GENERAL TRADING & CONTRACTING CO.
पूर्व स्वीकृति मिति २०७८/१२/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२३ LT. No. :260879 चलानी नं.६०१७७१५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper (Indoor) | 20 | 0 | 85 | ३३,९९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mechanical Technical | 1 | 0 | 150 | ५९,९८५ | | | | | | | |

कम्पनी : FIRST SUPPLY TRADING EST
पूर्व स्वीकृति मिति २०८०/०५/०१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/२३ LT. No. :291117 चलानी नं. ६०२०६३४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २ गते (16th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०५/०७४/०७५
**All Asia Overseas Pvt.Ltd**
Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINOPEC ENGENEERING GROUP SAUDI CO. LTD
पूर्व स्वीकृति मिति २०८०/०९/२२ LT. No. 297779 चलानी नं. ६०२१२७४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 11 | 0 | 1200 | ४२,४९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Furniture Assembly Worker | 30 | 0 | 1500 | ५३,११० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० माघ २ गते (16th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८
**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ११८८०० | प्रति तोला – ११८२५० | प्रति तोला – १४१५ |







**सरर पानी घट्टमा...** | काभ्रेपलाञ्चोकको पनौतीस्थित रोशी खोलाको भालेश्वर दोभानमा रहेको परम्परागत पानीघट्टमा मकै पिस्दै जोगमाया वाइबा र नरबहादुर स्याङतान दम्पती । आधुनिक प्रविधिको विकाससँगै परम्परागत पानीघट्टको प्रयोग घटेको छ । *तस्बिरः पेमा लामा/रासस*

# सहकारीपीडितका समस्या समाधानमा प्रधानमन्त्रीको जोड

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सहकारी पीडितका समस्या सम्बोधन नहुँदा लाखौं निक्षेपकर्ता प्रताडित भएको उल्लेख गर्दै त्यसको व्यवस्थित समाधानको प्रस्ताव ल्याउन अर्थ मन्त्रालयलाई निर्देशन दिएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित छलफलमा प्रधानमन्त्रीले सहकारीको समस्या समाधानका लागि ठोस कदम चाल्ने गरी उपयुक्त प्रस्ताव ल्याउन निर्देशन दिएका हुन् । प्रधानमन्त्रीले भने, 'सहकारीको समस्या छिटो समस्या नहुँदा लाखौं निक्षेपकर्ता प्रताडित भएका छन् । उनीहरू घर न घाट भएका छन् । उनीहरूको समस्या कसरी सम्बोधन गर्ने ? त्यसबारे ठोस प्रस्ताव बनाएर ल्याउनुस् ।'

त्यस अवसरमा अर्थमन्त्री डा प्रकाशशरण महतले सहकारीको निश्चित सिलिङभन्दा माथिको नियमन नेपाल राष्ट्र बैंकले गर्ने गरी निर्णय गरेर जानुपर्ने धारणा राखेका थिए । बैठकमा मुख्यसचिव डा वैकुण्ठ अर्यालले सहकारीको समस्या सम्बोधन गर्ने गरी नियमन प्रबन्ध गर्न र निक्षेप कोषको कानुनी प्रबन्धलाई व्यावहारिक रूप दिन आवश्यक रहेको बताए ।

त्यसअघि प्रधानमन्त्री प्रचण्डले सरकारको नीति, कार्यक्रम र बजेटको परम्परागत ढाँचामा व्यापक रूपान्तरणको प्रतिबद्धता व्यक्त गरेअनुसार नीति, कार्यक्रम र बजेटको ढाँचा र प्रक्रियामा व्यापक परिमार्जन गर्ने गरी अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग छलफल गरेका थिए ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा व्यापक रूपान्तरण गर्न त्यसको नीति र कार्यतालिकामा परिमार्जन गर्नका लागि प्रधानमन्त्रीले आजको बैठक बोलाएको सचिवालयले जनाएको छ । प्रधानमन्त्री प्रचण्डले 'बजेटको मन्त्रालयगत सिलिङ तोक्दा मन्त्रालयहरूबीच व्यापक छलफल जरुरी भएको बताउँदै सिलिङ तोक्ने प्रक्रियाबारे नै छुट्टै छलफल आवश्यक भएको बताएका थिए ।

प्रधानमन्त्रीले भने, 'बजेटको सिलिङ तोक्दा अनुमान र हचुवाका भरमा नतोकौं, मन्त्रालयहरूलाई पनि बोलाएर छलफल गरौं, उनीहरूको कुरा पनि सुनौं । यो लोकतान्त्रिक प्रक्रिया पनि हो । कुन स्तरका योजना केन्द्रमा राख्ने, कुन प्रदेश र स्थानीय तहमा पठाउने भन्नेबारे पनि प्रस्ट खाका चाहिन्छ । त्यसका लागि पनि आवश्यक तयारी गर्नुस् ।'

प्रधानमन्त्रीले अनावश्यक नयाँ योजना नथप्ने, अधुरा पुराना योजनालाई उच्च प्राथमिकता दिने र प्रत्येक आर्थिक वर्षमा खास कुनै रणनीतिक योजनामा केन्द्रित हुनेगरी नीति तथा कार्यक्रम र बजेटको तयारी गर्न अर्थ मन्त्रालय र योजना आयोगलाई निर्देशन दिए । त्यस्तै अर्थमन्त्री डा महतले नीति तथा कार्यक्रम र बजेटमा नयाँपन ल्याउने प्रधानमन्त्रीको सोच महत्वपूर्ण भएको बताउँदै प्रधानमन्त्रीको निर्देशन र सरकारको निर्णयबमोजिम मन्त्रालयले आवश्यक काम अगाडि बढाउने बताए ।

छलफलमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले फागुनमा बजेटको सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्ने, वैशाखमा सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने र जेठ १५ मा बजेट प्रस्तुत गर्नेगरी राष्ट्रिय योजना आयोगले नीति तथा कार्यक्रम र बजेटको प्रस्तावित कार्यतालिका निर्माण गरेको बताए ।

मुख्यसचिव डा अर्यालले प्रस्तावित कार्यतालिका वैज्ञानिक रहेको बताउँदै सोहीअनुरूप कानुनी प्रबन्ध र व्यावहारिक गृहकार्य आवश्यक रहेको बताए । राष्ट्रिय योजना आयोगका सदस्य डा रामकुमार फुयालले प्रस्तावित कार्ययोजना कार्यान्वयनका निम्ति प्रचलित कानुनहरूमा संशोधन आवश्यक भएको बताए ।

# अर्थतन्त्र सुधारका लागि परिसंघको सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग परिसङ्घले मुलुकको अर्थतन्त्रको विकासका लागि कानुनमा गरिनुपर्ने सुधारसम्बन्धी विस्तृत सुझाव सरकारलाई बुझाएको छ । परिसङ्घ अध्यक्ष राजेशकुमार अग्रवाल नेतृत्वको टोलीले बिहान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई सो सुझाव हस्तान्तरण गरेको परिसङ्घले जनाएको छ । परिसङ्घले प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे एवं नेपाल सरकारका मुख्य सचिव डा वैकुण्ठ अर्याललाई पनि उक्त सुझाव बुझाएको छ ।

परिसङ्घले २८ वटा ऐन, नियमावलीमा संशोधन, पाँचवटा ऐन खारेज गर्न र तीनवटा नयाँ ल्याउनुपर्ने ऐन किटान गरी सरकारलाई अध्ययनसहितको सुझाव उपलब्ध गराएको हो ।

परिसङ्घका अध्यक्ष अग्रवालले कानुन सुधारका लागि पहलकदमी लिन ढिला भइरहेको महसुस परिसङ्घले गरेकाले सरकारलाई सुझाव उपलब्ध गराएको बताए । समृद्ध अर्थतन्त्रका लागि कानुनमा सुधार अपरिहार्य रहेको परिसङ्घको स्पष्ट धारणा रहेको उनको भनाइ छ ।

कानुनका विज्ञ, उद्योगी व्यवसायी तथा सरोकारवाला निकाय एवं व्यक्तिसँगको गहन छलफल, विषय विज्ञको राय सुझाव, छिमेकी मुलुक र नेपालको आर्थिक भौगोलिक अवस्थासँग मेल खाने मुलुकको कानुनको अनुसन्धानात्मक अध्ययन गरी सुझाव उपलब्ध गराइएको उनको भनाइ छ ।

अध्यक्ष अग्रवालले सरकारलाई बुझाइएको सुझावमा पाँचवटा खारेज गर्नुपर्ने, तीनवटा नयाँ कानुन ल्याउनुपर्ने, १८ ऐन तथा १० वटा नियमावली, एउटा कार्यविधि र एउटा आदेशका दफा उल्लेख गरिएको बताए । उनका अनुसार औद्योगिक व्यवसाय ऐन, २०७६, औद्योगिक व्यवसाय नियमावली, २०७८, आयकर ऐन, २०५८, कम्पनी ऐन, २०६३, भूमिसम्बन्धी ऐन, २०२१, वन ऐन, २०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७, सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५, सार्वजनिक- निजी साझेदारी तथा लगानी नियमावली, २०७७, विशेष आर्थिक क्षेत्र ऐन, २०७५ लगायत ऐनसम्बन्धी सुझाव छन् ।

मुलुकको विद्यमान कानुनी व्यवस्थाको सुधारबाट समग्र आर्थिक विकासमा टेवा मिल्ने विश्वास परिसङ्घको छ । अध्यक्ष अग्रवालले आगामी वैशाखमा हुन लागेको लगानी सम्मेलन अगाडि नै कानुनमा सुधार गर्न सरकारले प्रक्रिया अगाडि बढाउने विश्वास व्यक्त गरे । त्यस अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले परिसङ्घले दिएका सुझाव महत्वपूर्ण भएको बताउँदै त्यसमा मनन गर्ने प्रतिबद्धता व्यक्त गरे । यसैबीच परिसंघले पाँचवटा ऐन खारेज, २८ कानुन संशोधन र तीन नयाँ कानुन ल्याउन सरकारलाई सुझाव दिएको छ । समग्र आर्थिक विकासका लागि गरिनुपर्ने कानुनी सुधारबारे आज परिसङ्घले पत्रकार सम्मेलन गर्दै यस्तो सुझाव दिएको हो ।

हाल कार्यान्वयनमा रहेका विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन २०२१, क्षतिपूर्ति ऐन, २०१९, कालोबजार तथा अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२, नेपाल एजेन्सी ऐन २०१४ र पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन २०२२ खारेज गर्नुपर्ने सुझाव परिसङ्घले दिएको छ ।

संशोधन गर्नुपर्ने कानुनमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन तथा नियमावली, सार्वजनिक-निजी साझेदारी लगानी ऐन तथा नियमावली, औद्योगिक व्यवसाय ऐन तथा नियमावली, मूल्य अभिवृद्धि कर ऐन तथा नियमावली, श्रम ऐन तथा नियमावली, वन ऐन तथा नियमावलीलगायतका रहेका परिसङ्घका अध्यक्ष अग्रवालले जानकारी दिए ।

# नेप्से परिसूचकमा सुधार

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा ३६ दशमलव ५७ अंकको सुधार देखिएको छ । सोमबार नेप्से परिसूचक एक दशमलव ८० प्रतिशतले बढेर दुई हजार ५९ दशमलव ४९ को बिन्दुमा कायम भएको छ ।

तीन सय नौ कम्पनीको एक करोड ३७ लाख नौ हजार दुई सय ७६ कित्ता शेयर ९९ हजार पाँच सय २४ पटक खरिद बिक्री हुँदा रू चार अर्ब ६७ करोड ५२ लाख २४ हजार नौ सय छ बराबरको कारोबार भएको छ । म्युचुअल फन्ड शून्य दशमलव ०१ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।

सबैभन्दा बढी जीवन बीमा समूह तीन दशमलब ७२ र अन्य समूह दुई दशमलब ५७ प्रतिशतले बढेको छ । चारवटा कम्पनीको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सिङ्गटी हाइड्रो इनर्जी लिमिटेड, मोदी इनर्जी लिमिटेड, त्रिशूली जलविद्युत् कम्पनी लिमिटेड र मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको शेयर मूल्यमा १० प्रतिशतको वृद्धि देखिएको हो ।

सबैभन्दा बढी गुमाउनेमा नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा पाँच दशमलब ४६ प्रतिशतको गिरावट देखिएको छ । कारोबार रकमका आधारका सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रू २१ करोड ८४ लाख ८२ हजार आठ सय ८० बराबरको कारोबार भएको छ ।

# ग्लोबल आइएमईको २ नयाँ शाखा




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले २ वटा नयाँ शाखा कार्यालयहरू सञ्चालनमा ल्याएको छ । बैंकले सर्लाहीको मलगंवा नगरपालिका-८, मलगंवा र काभ्रेको धुलिखेल नगरपालिका-३, धुलिखेलमा नयाँ शाखा सञ्चालनमा ल्याएको हो । यी दुई नयाँ शाखाहरूबाट सोमबारदेखि नै सम्पूर्ण बैंकिङ्ग सेवाहरू उपलब्ध हुनेछन् ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो तथा वित्तीय सूचक अनुसार मुलुककै सबैभन्दा ठुलो वाणिज्य बैंक हो । बैंकले देशका ७७ वटै जिल्ला तथा तीन अन्तर्राष्ट्रिय सम्पर्क/वैदेशिक प्रतिनिधि कार्यालय सहित १,१०० भन्दा बढी सेवा केन्द्रबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । ग्लोबल आइएमई बैंकले ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ । त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

# बढ्यो धान उत्पादन

**काठमाडौं (प्रस)–** यस वर्ष ५७ लाख २४ हजार दुई सय ३४ मेट्रिक टन धान फलेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयले विज्ञप्ति जारी गर्दै गत आर्थिक वर्षको तुलनामा चालु आवमा चार दशमलव ३३ प्रतिशतले धान उत्पादन बढेको जनाएको हो ।

चालु आवको धान उत्पादन पछिल्लो चार वर्षको औसत उत्पादनको तुलनामा पाँच दशमलव ०८ प्रतिशतले बढेको जनाइएको छ । धान उत्पादन बढे पनि धान खेती भएको जमिन भने घटेको देखिएको छ । कूल धानबाली लगाइएको क्षेत्रफल गत आवको तुलनामा शून्य दशमलव ६१ अर्थात् ८ हजार ८ सय हेक्टरले कमी आई १४ लाख ३८ हजार नौ सय ८९ हेक्टर कायम हुन पुगेको मन्त्रालयले जनाएको छ । यसवर्ष धानबाली लगाइएको क्षेत्रफल पछिल्लो चार वर्षको औसत क्षेत्रफलको तुलनामा एक दशमलव ७३ प्रतिशतले कम हो । धानको उत्पादसँगै उत्पादकत्व पनि बढेको छ । 'धानबालीको औसत उत्पादकत्व गत आवको तुलनामा चार दशमलव ९७ प्रतिशतले वृद्धि भई तीन दशमलव ९८ मेट्रिकटनप्रति हेक्टर पुगेको छ', मन्त्रालयको विज्ञप्तिमा भनिएको छ, 'जुन गत चार वर्षको औसत उत्पादकत्वभन्दा छ दशमलव ९२ प्रतिशतले बढी हो ।'

चाल आवमा धान उत्पादन कोशी प्रदेशमा उच्च छ भने कर्णाली प्रदेशमा न्यून छ । उत्पादकत्वतर्फ कोशी प्रदेशमा चार दशमलव ४३ मेट्रिनटन प्रति हेक्टरसहित अग्र स्थानमा र मधेस प्रदेश तीन दशमलव ४९ मेट्रिकटन प्रतिहेक्टर पुछारमा रहेको छ । विगतका वर्ष जस्तै मुख्य धानको तुलनामा चैते धानको उत्पादकत्व उच्च कायम भएको मन्त्रालयले जनाएको छ । गत आवको तुलनामा उत्पादन र उत्पादकत्व वृद्धिका हिसाबले लुम्बिनी प्रदेश अग्रस्थानमा र मधेस प्रदेश ऋणात्मकमा छ । चालु आवमा धान उत्पादन वृद्धि हुनुमा उन्नत बीउको उपलब्धता र प्रयोग, रोग किराको प्रकोपमा कम बाढीपहिराबाट धान चालीमा पर्न जाने नकारात्मक असरमा कमी, मलखादको उपलब्धतामा आएको सुधार कृषि औजार र प्रविधिको प्रयोग र मौसमी अनुकूलतालाई लिइएको छ ।

## अत्यन्त जरूरी सूचना

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **प्रभाव दैनिक** पत्रिकामा विज्ञापन प्रकाशित गर्नुभएको सम्पूर्ण विज्ञापनदाता, म्यानपावर संघ-संस्थाहरूले विज्ञापन प्रकाशित गरे बापतको बाँकी बक्यौता रकम यही २०८० साल पौष मसान्तभित्र भुक्तानी गरी आफ्नो हरहिसाब मिलान गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**लेखा शाखा**
**प्रभाव पब्लिकेसन प्रा.लि.**
काठमाडौं–७, सिफल, नेपाल
फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ